# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## कमल गाउँपालिका

## झापा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं.१**

पत्र संख्याः २०७८।७९
च.नं. ३८१ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कमल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।

**कैफियतसहितको राय**

हामीले कमल गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.८ करोड ५१ लाख ८३ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.१ करोड ६३ लाख ४१ हजार फस्यौंट भई बाँकी बेरुजु रु.६ करोड ८८ लाख ४२ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू. १ करोड २२ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २१ लाख ४० हजार र नियमित गर्नुपर्ने रू. ३ करोड ४४ लाख ९५ हजार रहेको छ । गाउँपालिकाको गत वर्षको रु.२ करोड ७५ लाख ६९ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड ७७ लाख ३३ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# कमल गाउँपालिका, झापा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५० | १२२ | ८५१८३ | ० | १९ | १६३४१ | ५० | १०३ | ६८८४२ | १२२०७ | ३४४९५ | २२१४० | ० | ० | ५६६३५ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा | २७५६९ | ० | १८६७८ | ८८९१ | ० | ३८८४२ | ७७७३३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कमल गाउँपालिका, झापा , कमल गाउँपालिका , झापा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | काजिमान राई | २०७८-४-२० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | suwas shrestha | २०७७-४-१ | २०७८-४-१९ |
| लेखा प्रमुख | shrijana rai | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ८५,१८२,७९८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,३६,५७,७४२.७१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५३,३०,३५,८१० | **चालु खर्च** | ३२,२४,०९,९३६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७४,९०,००० | **पूँजीगत खर्च** | २३,९३,२५,२३१ |
| **राजश्व बाँडफाँट** | १०,८९,५७,१८३.४७ | **वित्तीय/अन्य व्यवस्था** | १७,५८,०३,३६३ |
| **आन्तरिक आय** | १,७७,०१,७१६.२ | | |
| **अन्य आय** | १९,५७,६३,४१२.५ | | |
| **कुल आय** | ८७,२९,४८,१२२.१७ | **कुल खर्च** | ७३,७५,३८,५३० |
| **बाँकी मौज्दात** | | २२,९०,६७,३३४.८८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न कमल गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो ।<br>यस गाउँपालिका अन्तर्गत ७ वडा, गाउँसभा सदस्य ३७ जना, ९७.४४ व.कि.मी. क्षेत्रफल, ४४३६५ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ । | |
| २ | | | **वित्तीय विवरण** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्तीभुक्तानी हिसाव | | | | | | | | |
| २०७७ श्रावण १ देखि २०७८ आषाढ ३२ सम्म | | | | | | | | |
| वित्तीय प्रतिवेदन | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७०,८७,४४,९५८ | ६३,५८,८२,५४९.५४ | १,१९,७०५ | ६३,६०,०२,२५४.५४ | ५५,५८,१९,१४७.४५ | | ५५,५८,१९,१४७.४५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६८,५८,७७,५९० | ६०,४०,२१,८०५.५४ | १,१९,७०५ | ६०,४१,४१,५१०.५४ | ५४,२०,०५,५०२.४५ | ० | ५४,२०,०५,५०२.४५ |
| ११००० कर | ११ | १०,८९,५१,७८० | ९,७५,८९,०११.४१ | ० | ९,७५,८९,०११.४१ | ७,९१,६८,२८६.२५ | ० | ७,९१,६८,२८६.२५ |
| १३००० अनुदान | | ५५,८८,२५,८१० | ४७,७५,०१,६४४ | १,१९,७०५ | ४७,७६,२१,३४९ | ४३,९५,०५,७०४ | ० | ४३,९५,०५,७०४ |
| संघीय सरकार | १२ | ५३,३०,३५,८१० | ४६,२४,५४,९६७ | १,१९,७०५ | ४६,२५,७४,६७२ | ३९,१२,७६,१८१ | ० | ३९,१२,७६,१८१ |
| प्रदेश सरकार | १२ | २,२४,९०,००० | १,५०,४६,६७७ | ० | १,५०,४६,६७७ | ४,८२,२९,५२३ | ० | ४,८२,२९,५२३ |
| अन्तरिक श्रोत | | ८,००,००० | ० | ० | ० | ० | ० | ० |
| जनसहभागिता | | २५,००,००० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १४००० अन्य राजस्व | | १,८१,००,००० | २,८९,३१,१५०.१३ | ० | २,८९,३१,१५०.१३ | १,८६,७६,७४३.६७ | ० | १,८६,७६,७४३.६७ | |
| | | | ख. अन्य प्राप्ति | | २,२८,६७,३६८ | ३,१८,६०,७४४ | | ३,१८,६०,७४४ | १,३८,१३,६४५ | | १,३८,१३,६४५ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | २,२८,६७,३६८ | १,९४,६५,०७६ | ० | १,९४,६५,०७६ | ७९,०६,०७० | ० | ७९,०६,०७० | |
| | | | धरौटी | | ० | १,२३,९५,६६८ | ० | १,२३,९५,६६८ | ५९,०७,५७५ | ० | ५९,०७,५७५ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ७९,४१,६४,०८२.७१ | ५७,५४,५०,०१९ | १,१९,७०५ | ५७,५५,६९,७२४ | ४८,४९,८०,३६३ | | ४८,४९,८०,३६३ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७७,१२,९६,७१४.७१ | ५६,१६,१५,४६२ | १,१९,७०५ | ५६,१७,३५,१६७ | ४७,३९,३५,१६७ | | ४७,३९,३५,१६७ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १८,०८,५९,९९० | १५,५१,५३,४२१ | ० | १५,५१,५३,४२१ | ३,४२,९५,९८२ | ० | ३,४२,९५,९८२ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,२६,२६,८२० | ५,१८,५२,६९५ | १,१९,७०५ | ५,१९,७२,४०० | १,९४,८८,७७२ | ० | १,९४,८८,७७२ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १,५९,४६,५०० | १,३१,६५,८०६ | ० | १,३१,६५,८०६ | १,५८,७६,९७५ | ० | १,५८,७६,९७५ | |
| | | | २६००० अनुदान | १८ | १३,१५,१५,००० | ९,१२,४१,६९८ | ० | ९,१२,४१,६९८ | १४,३०,५४,५०२ | ० | १४,३०,५४,५०२ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,११,६१,००० | १,०१,७०,३६८ | ० | १,०१,७०,३६८ | १०,८४,९७३ | ० | १०,८४,९७३ | |
| | | | २८००० अन्य खर्च | १८ | १३,४०,००० | ७,०६,२४३ | ० | ७,०६,२४३ | ७,६८,६९० | ० | ७,६८,६९० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३३,७८,४७,४०४.७१ | २३,९३,२५,२३१ | ० | २३,९३,२५,२३१ | २५,९३,६५,२७३ | ० | २५,९३,६५,२७३ | |
| | | | घ. अन्य भूक्तानी | | २,२८,६७,३६८ | १,३८,३४,५५७ | | १,३८,३४,५५७ | ४८,४९,८०,३६३ | | ४८,४९,८०,३६३ | |
| | | | कोषहरु | | २,२८,६७,३६८ | १,१९,०१,४२८ | ० | १,१९,०१,४२८ | ८०,३०,७११ | ० | ८०,३०,७११ | |
| | | | धरौटी | | ० | १९,३३,९६९ | ० | १९,३३,९६९ | ३०,१४,४८५ | ० | ३०,१४,४८५ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -८४० | | -८४० | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (८,५४,१९,१२४.७१) | ६,०४,३२,५३०.५४ | | ६,०४,३२,५३०.५४ | ७,०८,३८,७८४.४५ | | ७,०८,३८,७८४.४५ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,०४,३१,२६७.०९ | | ९,०४,३१,२६७.०९ | १,५९,६४,८२२.०७ | | १,५९,६४,८२२.०७ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (८,५४,१९,१२४.७१) | १५,०८,६३,७९७.६३ | | १५,०८,६३,७९७.६३ | ८,६८,०३,६०६.५२ | | ८,६८,०३,६०६.५२ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | १५,०६,२२,१९२.६३ | | १५,०६,२२,१९२.६३ | १०,६१,४७,५८०.२१ | | १०,६१,४७,५८०.२१ | |
| ३ | | | **असुली**<br>लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपलब्ध गराएपछि रु.४८६६५/- असुल भई दाखिला भएको छ | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | विभिन्न | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले यस वर्ष सम्म आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली लागु नगरेकोमा देखिएका अन्य व्यहोराहरुः<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने, कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गर्ने गरेको पाईएन,<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन<br>• मध्यकालीन खर्च संरचना तयार नभएको, वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा नगरेको र संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन ।<br>• अधुरा आयोजनाको समिक्षा सबै अधुरा आयोजनाहरुको अभिलेख एकिकृत गरी अद्यावधिक गरेको पाईएन ।<br>• सबै खाताको बैंक हिसाब मिलान विवरण तयार गरी अद्यावधिक गरिएको पाईएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **अभिलेख व्यवस्थापनः**<br>महालेखा नियन्त्रकको कार्यालयको च.नं. १-२०७६।४।१ को पत्रानुसार नेपालको संविधान २०७२ को धारा २४१(४) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म ले प फारमको प्रयोग गरी सरकारी कार्यालयले लेखा राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छः | |
| ५.१ | विभिन्न | | **सूचना प्रविधि पद्धतितर्फः** पालिकाको स्वामित्व र नियन्त्रणमा रहेको सूचना प्रविधि सम्बन्धि विवरण लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा एकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | विभिन्न | | **मर्मत अभिलेखः** सवारी साधन र मेशिन प्रयोगकोअभिलेख राख्न म. ले. प. फाराम ९०५ को(सवारी साधन र मेशिन प्रयोगको लगबुकको)व्यवस्था भएकोमा पालिकाले उल्लेखित ढाँचामा सवारी साधन र मेशिन प्रयोगको अभिलेख अद्यावधिक राख्ने गरेको पाईएन। नियमको व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| ५.३ | विभिन्न | | **भ्रमण अभिलेखः** भ्रमण खर्चको अभिलेख राख्न म.ले.प फारम नं.९०७(दैनिक कार्य सम्पादन विवरण), म.ले.प फारम नं.९०८(भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता) र म.ले.प फारम नं.९०९(भ्रमण प्रतिवेदन ढाँचा) को व्यवस्था रहेकोमा अभिलेख अद्यावधिक राखेको पाईएन। कानूनको व्यवस्थाको पालना हुनुपर्दछ। | |
| ५.४ | विभिन्न | | **बेरुजु लगतः** यस सम्बन्धमा सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन। नियमको व्यवस्थाको पालना गरि लगत अद्यावधिक गर्नुपर्दछ। | |

| | |
|---|---|
| म. ले. प. फाराम ८०१ | बेरुजु लगत |
| म. ले. प. फाराम ८०२ | बेरुजुको कार्यालयगत प्रतिवेदन |
| म. ले. प. फाराम ८०३ | बेरुजुको केन्द्रिय कार्यालयगत लगत |
| म. ले. प. फाराम ८०४ | बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन |
| म. ले. प. फाराम ८०५ | सम्परीक्षण गोश्वारा अभिलेख खाता |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **सेवा प्रवाह विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाँउपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाँउपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ । | |

| क्र. सं | विवरण | सेवा प्राप्तका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | २९७० | २९७६ | |
| २ | घरबाटो सिफारिस | १८३५ | १८३५ | |
| ३ | नाता प्रमाणित | ६९८ | ६९८ | |
| ४ | जन्म मृत्यु दर्ता | १८०५ | १८०५ | |
| | जम्मा | ७३०८ | ७३०५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **कर्मचारी व्यवस्थापन** | |
| ७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्नेमा सो अनुसार नभएको अवस्था देखिएको छ । | |
| ७.२ | | | कार्यालयले कर्मचारीको तलब भत्ता तथा ग्रेड रकम भुक्तानी गर्नु अगावै निजामती सेवा ऐन २०४९ को व्यवस्था बमोजिम तलवि प्रतिवेदन पारित नगरी तलव भत्तामा खर्च हुने गरेकोले यस वर्ष भएको तलव भत्ता खर्च यकिन गर्ने आधार देखिएन । ऐनको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गरेर मात्र तलव तथा ग्रेड रकम भुक्तानी गर्नपर्दछ । | |
| ८ | | | **क्षेत्रगत बजेट खर्च स्थिति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | विभिन्न | | स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्दा तोकिएका क्षेत्र र उपक्षेत्रगतमा लिएका लक्ष्य अनुरुप प्रगति हासिल गर्नको लागि बजेट प्रस्ताव गर्दा दिगो विकास लक्ष्य हासिल हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्षको क्षेत्रगत खर्च विवरण निम्नानुसार देखिएको छ । | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १०,७९,६७,८१० | ६,९१,९४,९६९ | ६४.०९ |
| २ | सामाजिक विकास | ३३,८२,४८,००० | २७,०६,३६,६०७ | ८०.०१ |
| ३ | पूर्वाधार विकास | २३,०५,९५,९०४.७१ | १४,७४,०६,२६६ | ६३.९२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,५३,००,००० | १,४२,२२,५५० | ९२.९६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,९१,८५,००० | ६,०२,७४,७७५ | ७६.१२ |
| **जम्मा** | | ७७,१२,९६,७१४.७१ | ५६,१७,३५,१६७ | ७२.८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्तानुसार कार्यालयले पूर्वाधार विकासमा स्वीकृत गरेको विनियोजन अन्य क्षेत्रको भन्दा तुलनात्मक रुपमा कम रहेको छ । प्रशासनीक तर्फको खर्च विनियोजनको तुलनामा सबै भन्दा बढी खर्च भई रहेको अवस्था देखिएकोले प्रशासनीक खर्चमा नियन्त्रण गरी पूर्वाधार तर्फको लगानीमा वृद्धि गर्नुपर्दछ । | |
| ८.२ | | | स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाहरुको चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा तोकिएको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरी प्रकाशित गर्ने गरेको पाइएन । | |
| ९ | | | **कानुन निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस पालिकाले हालसम्म १५ ऐन, ३ नियमावली, ४ निर्देशिका र २७ कार्यविधी समेत ४९ कानून एवं कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायीक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १७ र यस बर्ष विभिन्न विषयका ४५ वटा विवाद सहित कुल ६२ विवाद दर्ता भएकोमा ४६ वटा विवाद फछ्र्यौट भई १६ वटा विवाद फछ्र्यौट गर्न बाँकी देखिन्छ र ३ वटा विवाद माथिल्लो निकायमा पठाइएको पाइयो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td>५४, १५७, १५८, १६१</td><td></td><td>निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्तिः<br>निःशुल्क पाठ्यपुस्तकः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०७८।२।२५ च नं ३९५ को परिपत्रानुसार न पाले २०७७ को IEMIS डाटाको आधारमा भौचर नं १६१ बाट २१ वटा विद्यालयमा रु.३१६४६६८/- निःशुल्क पाठ्यपुस्तक अनुदान रकम निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म शैक्षिक सत्र २०७८ को IEMIS डाटाबाट विद्यालयमा निकासा पठाईएको रकमको भिडान गरी बढी भए नभएको रकम एकिन गरेको पाईएन । पालिकाले कोविडको कारण बन्द भएको विद्यालयमा सो अवधिमा निकासा गरिएको पाठ्यपुस्तकबापत रकमबाट सम्बन्धित विद्यालयहरुले विद्यार्थीहरुलाई पाठ्यपुस्तक खरिद गरी वितरण गरेको सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु...३१६४६६८/-<br>छात्रवृत्तिः विद्यालयका विद्यार्थीहरुको लागि तोकिएको फिडर, अपाङ, दलित तथा छात्रा छात्रवृति बापत रकम विद्यालय खातामा निकासा गरेको छ । कोविड-१९ को कारण २०७८/१/१३ देखि विद्यालयहरु बन्द रहेको अवस्थामा विद्यालयले तोकिएको आधारमा छात्रवृत्ति पाउने विद्यार्थीलाई रकम बुझाएको भरपाई र पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...२०५००००/-
<table>
<tr><th>भौचर नं र मिति</th><th>बापत</th><th>रकम</th></tr>
<tr><td>५४।२०७७।१०।८</td><td>मंगलमय माविको २७ विद्यार्थीलाई रु.४०००/- को दरले फिडर छात्रवृत्ति(श्रावण देखि पौष)</td><td>६४८०००</td></tr>
<tr><td>१५७।२०७८।३।१२</td><td>छात्रा छात्रावृति २०२३@४००=८०९२००/-<br>दलित छात्रावृति ३६२@४००=१४४८००/-</td><td>९५४०००</td></tr>
<tr><td>१५८।२०७८।३।१२</td><td>मंगलमय माविको २८ विद्यार्थीलाई रु.४०००/- को दरले फिडर छात्रवृत्ति(माघ देखि बैशाख)</td><td>४४८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०५००००</td></tr>
</table></td><td>५,२१४,६६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **अनुगमनः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन । मापदण्ड तयार गरी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ ध्यान पुर्‍याउन जरुरी देखिन्छ । | |
| १३ | १८९ | २०७८-३-२३ | **भौतिक निर्माण अनुदानः**<br>संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउँदा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ को आधारमा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ ।नेपाल सरकार शिक्षा तथा मानव श्रोत केन्द्रले च.नं.२५४-२०७८।३।२० को पत्रबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमतर्फको रकम भौतिक पूर्वाधारको समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था गरी निकासा दिन परिपत्र गरेको छ । सोही परिपत्रको आधारमा देहायका विद्यालयहरुलाई भवन रेट्रोफिटिङको लागि रकम निकासा दिएकोमा विद्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ को व्यवस्था बमोजिम पेश हुनुपर्ने कार्य सम्पन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएन । सम्झौताको शर्त अनुसार भएको निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश हुनपर्ने रु.<br><br>**विद्यालयको नाम** — **रकम**<br>कंचनजंघा आविलाई विद्यालय रेट्रोफिटिङ बापत — १५००००० | १,५००,००० |
| १४ | | | **तलबी प्रतिवेदनः**<br>गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्न मिल्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा आव २०७७।७८ को शिक्षक किताबखानाबाट पारित भएको तलबी प्रतिवेदन पेश नभएकोले यस शिक्षक तलब भत्तामा खर्च भएको रकम एकिन गर्न सकिएन । तलबी प्रतिवेदन पारित गराएरमात्र तलबभत्ता भुक्तानी हुनुपर्दछ । | |
| १५ | | | **राजस्व असुली तथा दाखिला अवस्था** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | • स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको दहत्तर बहत्तर तथा खोला जन्य पदार्थको स्वीकृत आई.ई.ई. प्रतिवेदनको आधारमा संकलन र विक्रि वितरण गर्न सक्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणलाई २०७८।१०।२८ मा दिएको जानकारी अनुसार रतुवा खोला तर्फको क्षेत्र दमक नगरपालिकासँग संयुक्त रुपमा ठेक्का संचालन गरी दमक नगरपालिकाले नेतृत्वमा संचालन गरेको भएतापनि कमल खोला लगायत पालिका भित्रका अन्य खोलाहरुबाट ठेक्का नलगाएको व्यहोराको जानकारी दिएको छ । तर शिवसताक्षी नगरपालिकाले कमल खोला सहितको क्षेत्रको ठेक्का संचालन गरेको भएतापनि सो पालिकासँग ठेक्का सम्बन्धमा भएको सम्झौता वा आय सम्बन्धमा खुलाएको छैन । दमक नगरपालिकासँग संयुक्त ठेक्का हुनु अघिको अवधिमा अमानतबाट समेत संकलन र विक्रिको कार्य भएकोमा सो अवधिको आय विवरण लेखापरीक्षणमा पेश भएन । रतुवा खोला तर्फ दमक नगरपालिकासँग संयुक्त ठेक्कामा कमल गाउँपालिका तर्फ सिम्लेक्याम्पा र बसन्त चौक नाका तोकिएकोले उक्त दुवै नाकाबाट अमानत संकलनको अवधिमा प्रयोग भएका रसिद तथा पालिकाबाट संकलन गरिएको आय समेत पेश नभएकोले यस सम्बन्धमा पालिकाबाट पुन यकिन गर्नुपर्दछ । आय रकमको लेखाङ्कन गरी लेखापरीक्षणमा समेत पेश हुनुपर्दछ ।<br>• लेखापरीक्षणमा प्राप्त विवरण अनुसार कार्यालयले ४ वटा सडक खण्डबाट स्थानीय पूर्वाधार सेवा शुल्क असुल गरेको र हाट बजार तर्फको कोभिड १९को कारण कुनै ठेक्का बन्दोवस्त नगरेको विवरणबाट देखिएको छ । केर्खा क्याम्पा सडकको पूर्वाधार उपयोग सेवा शुल्क वापत कवुल गर्ने निर्माण व्यवसायी चाम्लिङ विल्डर्सले कवुल अंक रु.५५०००००/- मध्ये प्रथम किस्ता २०७७।५।३१ मा बुझाएको भएतापनि दोश्रो किस्ता रकम सम्झौतामा तोकिएको अवधि भन्दा ढिला गरी २०७८।३।२८ मा मात्र दाखिला गरेको देखिएको छ । | |
| १५.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले राजस्व असुली र दाखिला सम्बन्धमा व्यवस्था गरी आफ्नो जिम्मामा आएको सरकारी रकम तोकिए बमोजिम दाखिला गरी श्रेस्ता तयार गर्नुपर्नेमा वडा कार्यालयबाट संकलन गरिएको रकम महिनाको अन्त्यमा मात्र गाउँपालिका केन्द्रमा बुझाउने गरेको र गाउँपालिका केन्द्रमा संकलन गरिएको रकम समेत कानूनमा तोकिएको अवधिमा दाखिला हुने नगरेको देखिएको सम्बन्धमा नमूना छनौट गरी परीक्षण गर्दा निम्नानुसार देखियो । | |

| वडा नं. | महिना | दाखिला मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| ३ | श्रावण | २०७७।५।३१ | ६०९०५ | |
| | | २०७६।५।२२ | १०००००० | |
| | | २०७७।४।२० | १०००००० | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | श्रावण | २०७७।५।२५ | २५२९१३ | | | |
| | | | | | भाद्र | २०७६।६।८ | ५५७०० | | | |
| | | | | | आश्विन | २०७७।६।२८ | १००००० | | | |
| | | | | | | २०७७।७।१९ | ७९०९० | | | |
| | | | | | कार्तिक | २०७७।८।८ | ५४७५३ | | | |
| | | | | | मंसिर | २०७७।९।२ | १२३७५९ | | | |
| | | | | ७ | कार्तिक | २०७७।८।८ | ३७७०० | | | |
| | | | | | | २०७८।१।२२ | १०८५ | कार्तिक छुट उल्लेख गरी | | |
| | | | | ५ | मंसिर | २०७७।८।१६ | ६७८०६ | | | |
| | | | | | | २०७७।९।१ | १००९२९ | | | |
| | | | | ४ | मंसिर | २०७७।९।७ | १४८९६० | | | |
| | | | | गा.पा. केन्द्र | चैत्र | २०७८।१।२१ | २००००० | | | |
| | | | | | | २०७८।१।२० | १३९९ | | | |
| | | | | | | २०७८।१।१९ | १४३११ | | | |
| | | | | | | २०७८।१।१६ | २१४००० | | | |
| | | | | | | २०७८।२।२७ देखि २०७८।३।३१ सम्मको रकम | ३१०३०७ | २०७८।३।३१ मा मात्र दाखिला गरेको | | |
| | | | उपरोक्तानुसारको अवस्थाले वडा कार्यालयहरुले सुचना प्रविधि सिष्टम मार्फत संकलन गरेको राजस्व रकम कानूनले तोकेको अवधि भित्र बैंकमा जम्मा गरी सोही अनुसार गाउँपालिका केन्द्रले बैंकसँग भिडान गरी श्रेस्ता अद्यावधि गर्नुपर्नेमा सो अनुसार हुने नगरेको साथै वडाबाट दाखिला दिनको र सो भन्दा अघिल्लो महिनाको रकम | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | समेत एकै पटक दाखिला गर्ने गरेको सम्बन्धमा पालिकाबाट पुन यकिन गरी रकम ढिला दाखिला गरेको अवधि यकिन गरी कानूनमा तोकिएको व्यवस्था बमोजिम लाग्ने जरिवाना समेत असुल हुनुपर्दछ । | |
| १६ | | | **सार्वजनिक परीक्षण र सुनुवाई अवस्था** | |
| १६.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम तोकिएको फ्रिक्वेन्सी र परिमाणमा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समिति मार्फत गराएका निर्माण सम्बन्धी कामको गुणस्तर परीक्षण गराई रिपोर्ट समावेश गरेको पाइएन । निर्माण व्यवसायीबाट गराएको कामको समेत तोकिए बमोजिमको परिमाण पुरा हुने गरी परीक्षण गराएको अभिलेख नरहेकोले सबै निर्माण कार्यमा प्रयोग भएका सामाग्रीहरुको गुणस्तर परीक्षणको कार्य भएको मान्ने आधार देखिएन । निमयमा भएको व्यवस्थाको पालना गरी गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्दछ । | |
| १६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था भएतापनि पालिकाले यो वर्ष संचालन गरिएका सेवा तथा निर्माण सम्बन्धी कार्यहरुमा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरे गराएको विवरण उपलब्ध नभएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन । | |
| १७ | | | **अनुदान प्राप्ति र फिर्ता**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा सो अनुसार नगरेको तथा संघीय तथा प्रदेश सरकारबाट प्राप्त समपुरक बाहेकको रकम निम्नानुसार सम्बन्धित निकायमा फिर्ता पठाएको छ । | |

| | बचत रकम फिर्ता अवधि र निकाय | रकम |
| --- | --- | --- |
| संघीय | २०७८।४।७ कोष तथा लेखा नियन्त्रक कार्यालय | ५८८३४९४६ |
| | २०७८।४।७ कोष तथा लेखा नियन्त्रक कार्यालय | ११६२६१९२ |
| प्रदेश | २०७८।४।७ कोष तथा लेखा नियन्त्रक कार्यालय | २४४३३२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **प्रगति र अनुगमन** | |
| १८.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार चौमासिक प्रगति विवरण बनाई अनुगमन मूल्याङ्कन हुने गरेको देखिएन । | |
| १८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले अवकाश कोष स्थापना सम्बन्धी कार्यविधि बनाई खडा गरेको पाइएन । | |
| १८.३ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको पाइएन । | |
| १९ | | | **सम्पत्ति संरक्षण र उपयोग**<br>स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकाले आफु मातहतको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस सम्बन्धी मापदण्ड बनाई लागु गरेको पाइएन । | |
| २० | | | **कोभिड-१९ तर्फ** | |
| २०.१ | | | **कोभिडको संभावित लहरको आँकलन र पूर्वतयारीः** पालिकाले दोश्रो लहरको संभावित जोखिमको आँकलन र पूर्व तयारी सम्बन्धमा स्पष्ट कार्य योजना तयार गरी लागु गरेको पाइएन । तर कोरोना संक्रमणको प्रभाव सुरु भएपछि क्वारेन्टिन तथा आइसोलेशन केन्द्रहरु स्थापना गरी संकलनमा ल्याएको छ । कोभिड उपचारको लागि अस्पतालको रुपमा संचालन गर्न उपभोक्ता समिति मार्फत कार्य गराई अस्थायी भवन समेत निर्माण गरेको भएतापनि हाल उक्त भवन संचालनमा रहेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.२ | | | **औषधिजन्य सामग्री खरिदः** कार्यालयले कोभिड-19 संक्रमणको रोकथाम तथा उपचारको लागि सुरक्षा सामग्री PPE, VTM खरिद कार्य सोझै प्रकृयाबाट सप्लायर्सहरुबाट खरिद गर्ने गरेको पाइयो । स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामाग्रीहरु खरिद गर्दा उक्त सामग्रीहरुको विक्रि वितरण तथा सप्लाई गर्ने गरी दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्नेमा २०७७।९।१४ मा ४० वटा PPE र ४०० वटा VTM रु.191999/- मा J & Sons Business PVT विर्तामोडबाट खरिद गरेको पाइयो । उक्त फर्म स्वास्थ्य जन्य सामाग्री खरिद विधि दर्ता रहेको फर्मको प्रमाण समावेश भएको नपाइएकोले सोझै खरिद कार्य तोकिएको आधार पुरा गरी खरिद गर्ने मान्न सकिएन रु.191999/- | १९१,९९९ |
| २०.३ | | | स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकालाई प्राप्त हुने सबै प्रकारको आय संचितकोष दाखिला गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कोरोना संक्रमणको रोकथाम तथा उपचारको लागि विभिन्न व्यक्ति संस्था तथा प्रदेश सरकार र संघीय सरकार बाट प्राप्त भएको रकम संचितकोष खातामा जम्मा नगरी छुट्टै खातामा राखेर खर्च गर्ने गरेको छ । गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खातामा यो वर्ष रु.१३५३४२६०/- जिम्मेवारी सारी सो मध्ये रु.७८२००४/- खर्च गरेको र रु.५७००२२६/- बाँकी रहेको तथा कोरोना संक्रमण रोकथाम तथा उपचार कार्यमा विभिन्न व्यक्ति तथा संस्थाबाट रु.१८६२९०/- समेत प्राप्त भएको विवरणबाट देखिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०.४</td><td></td><td></td><td>जोखिम भत्ताः कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचारमा अग्रपङ्तीमा रही काम गर्न स्वास्थ्य जनशक्तिहरुको लागि नेपाल सरकारको २०७६।१२।९ को निर्माणबाट जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ जारी भएको छ । आदेशमा कोरोना भाइरसको उपचारको कार्यमा खटिएको लागि तोकिएको प्रकृया र आधार पुरा गरे पछि तोकिए बमोजिम प्रतिशतका दरबाट भत्ता दिन सकिने व्यवस्था छ पालिकाले कोभिडको पहिलो लहर २०७६।१२।११ देखि यो संक्रमण नियन्त्रण सम्बन्धी कार्यमा खटिएको आधार देखाई भौ.नं.21/2076/6/28 मा निम्नानुसारका कर्मचारीलाई ११६ दिनको जोखिम भत्ता वापतको रकम भुक्तानी गरेको पाइयो ।
<table>
<tr><th>नाम</th><th>रकम</th><th>दिन</th></tr>
<tr><td>बाबुराम थुलुङ</td><td>33600</td><td>116</td></tr>
<tr><td>इन्द्र प्र. अर्याल</td><td>33600</td><td>116</td></tr>
<tr><td>डम्बर श्रेष्ठ</td><td>33600</td><td>116</td></tr>
<tr><td>मेनुका पौडेल</td><td>33600</td><td>116</td></tr>
<tr><td>विर्सजन मोक्तान</td><td>33600</td><td>116</td></tr>
<tr><td>जीता न्यौपाने</td><td>33600</td><td>34</td></tr>
<tr><td>भानु खनाल</td><td>33600</td><td>34</td></tr>
<tr><td>सीता सुब्बा</td><td>33600</td><td></td></tr>
</table>
जोखिम भत्ता आदेश २०७७ मा भत्ता भुक्तानी गर्दा सम्बन्धित व्यक्तिलाई खटाएको स्थानको निर्णय र हाजिरी समेत समावेश गर्नुपर्ने व्यवस्था छ । उपरोक्तानुसार आ.ब. २०७६।७७ को अवधिको जोखिम भत्ता वापतको रकम भुक्तानी गर्दा सो अवधिमा कोरोना संक्रमण तथा उपचारमा सम्बन्धितलाई स्थान र अवधि तोकि खटाएको प्रमण समावेश नभएको भुक्तानी बाँकी विवरण चढाई प्रमाणित नभएको र जोखिम भत्ता वापत गाउँ सभाबाट बजेट विनियोजन वेगर भुक्तानी दिएको अनियमित रु.100800/-</td><td>१००,८००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.५ | | | **क्वारेन्टिन खाना खाजाः** कोरोना संक्रमण नियन्त्रण सम्बन्धी नेपाल सरकारबाट स्वीकृत क्वारेन्टिन व्यवस्थापन मापदण्डमा क्वारेन्टिनमा रहने व्यक्तिहरुको लागि खानाखाजाको व्यवस्थापन गर्दा सम्बन्धित जिल्लाको नेपाल प्रहरी दैनिक राशन दरको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले क्वारेन्टिनको खाना खाजा वापत कृष्ण प्रसाद दहाललाई प्रति व्यक्ति रु.290/- र रेश्मा खाजा घरलाई रु.250/- का दरले क्वारेन्टिनको खाना खाजाको रकम भुक्तानी गरेको पाइयो । क्वारेन्टिन रहने व्यक्तिहरुको नाम नामेसी प्रवेश अवधि र डिस्चार्ज अवधि खुलेको विवरण पेश नभएकोले क्वारेन्टिन खाजा खानामा भएको खर्च यकिन गर्न सकिएन रु.४६४४९६/-<br>**उपभोक्ता समितिको कामः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा स्थानीय स्तरमा बसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । नियम ९७(१२) मा उपभोक्ता समितिसँग भएको सम्झौताबाट कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामीत्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले केर्खा बजार बाटो ग्राभेल तथा मर्मत उपभोक्ता समितिसँग वडा नं.5 को सार्वजनिक जंगल क्षेत्र भित्रको जग्गामा कोभिड-19 संक्रमित व्यक्तिहरु राख्ने प्रयोगजनको लागि भवन तयार गर्दा फलामे ट्रष्ट र टिनको छाना रहने गरी टहरा निर्माणको कार्य गर्न रु.2558462.22 को लागत अनुमान स्वीकृत गरी २०७७।४।२० मा कार्यदेश दिई २०७७।७।३० सम्मको अवधिमा कार्य गर्ने सम्झौता गरी रु.2491616/- भुक्तानी गरेको पाइयो । उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन कार्यालय प्रमुखबाट प्रमाणित नभएको, सार्वजनिक जंगल क्षेत्रमा स्थायी रुपमा टहरा निर्माण गरी खर्च गरेकोमा सो संरचना निर्माण गर्ने स्वीकृती सम्बन्धित डिभिजन बन कार्यालय बाट स्वीकृत नभएको, एउटा योजनाको कामको लागि गठन भएको उपभोक्ता समितिलाई छुट्टै स्थान र फरक कामको लागि छनौट गरी सम्झौता गरेको, सम्पन्न भएको काम समितिलाई हस्तान्तरण गरी संरक्षण को जिम्मेवारी नदिएको अवस्था देखियो । गाउँपालिकाले विभिन्न स्कुलहरुमा समेत थप क्वारेन्टिन स्थल तयार गर्दै रु.192484/- खर्च गरेको समेत देखिएकोले कोरोना संक्रमण तथा उपचार कार्यमा भएको क्वारेन्टिन स्थल निर्माण कार्य मितव्ययी तथा प्रभावकारी रुपमा खर्च गरेको मान्ने आधार देखिएन रु.२४९१६१६/- | २,९५६,११२ |
| २०.६ | | | खोप उपलब्ध सेवाः नेपाल सरकारले सबै नागरिकलाई कोरोना विरुद्धको खोप उपलब्ध गराउने नीति अनुरुप यस गाउँपालिकामा आ.व. २०७७।७८ मा निम्नानुसारको खोपको डोज प्राप्त गरी देहाय अनुसारको नागरिकलाई खोप सेवा उपलब्ध गराएको देखिएको छ ।<br><br>खोपको नाम \| प्राप्त डोज \| खर्च डोज \| महिला \| पुरुष \| जम्मा<br>भेरोसिल \| १३३८ \| १३३८ \| ६५० \| ६८८ \| १३३८<br>कोभिसिल्ड \| ३२४० \| ३२४० \| १४१९ \| १८३४ \| ३२५३ | |
| २१ | | | **पदाधिकारी सुविधा** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.३९४९६०१/- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ मा सुविधा रकम भुक्तानी गर्दा मासिक अनुगमन वापतको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएतापनि पालिकाले पदाधिकारीहरुलाई अनुगमन भत्ता भुक्तानी गर्दा अनुगमन प्रतिवेदन लिने गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२२</td><td>विभिन्न</td><td></td><td>धरौटी फिर्ताः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यवसायी लगायत विक्रेताको धरौटी फिर्ता गर्दा मू.अ.कर समायोजनको प्रमाण संलग्न नगरी फिर्ता गरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>धरौटी रकम</th><th>कैफियत</th></tr>
<tr><td>८।२०७७।५।२६</td><td>श्रेष्ठ निर्माण सेवा</td><td>२१२७०</td><td>कर चुक्ता र मू.अ.कर समायोजन प्रमाण नभएको</td></tr>
<tr><td>२६।२०७७।६।८</td><td>सदेम्बा निर्माण सेवा</td><td>८६४६७</td><td>मू.अ.कर समायोजन प्रमाण नभएको</td></tr>
<tr><td>३४।२०७७।७।२०</td><td>प्रेमा कन्सट्रक्सन एण्ड सप्लायर्स</td><td>१२८२१२</td><td>कर चुक्ता र मू.अ.कर समायोजन प्रमाण नभएको</td></tr>
<tr><td>५८।२०७८।१।१९</td><td>कन्काई बबई निर्माण सेवा</td><td>२६०२९</td><td>मू.अ.कर समायोजन प्रमाण नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६१९७८</td><td></td></tr>
</table></td><td>२६१,९७८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी कार्यालय फर्किएको १५ दिन भित्र फाँटवारी पेश गरी पेश्की फर्स्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फर्स्यौट गर्नुपर्नेमा आर्थिक वर्षको अन्त सम्म निम्नानुसार बाँकी रहेको पेश्की असुल फर्स्यौट हुनुपर्ने रु. | २५३,९४७ |

| पेश्कीको विवरण | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको पेश्की | म्याद नाघेको पेश्की |
|---|---|---|---|
| महेन्द्र रत्न माध्यमिक विद्यालय भवन निर्माण,समयगढ | कन्काई इन्टरनेशनल विल्डर्स प्रा.लि. | १३७७५०४ | |
| सिंचाई मिटरको विलमा उठेको रकममा २५% अनुदान दिने | अमृत कुमार साह | | १८९३३२ |
| विद्युत विस्तार तथा व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण गौरादह | | ६४६१५ |
| | वल्ड ट्रेड कन्ट्रक्सन कम्पनी लि. | १२८७२८२ | |
| **जम्मा** | | २६६४७८४ | २५३९४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | विभिन्न | | **जिम्मेवारी फरकः**<br>स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब तयार गरी जिम्मेवारी एकिन गर्नुपर्दछ । गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा संचितकोषमा रु.९३६५७७४२।७१ मौज्दात रहेकोमा, यस वर्ष सोही रकमको जिम्मेवारी सारी हिसाब फरक देखिएमा मिलान गर्नुपर्नेमा पालिकाले पेश गरेको आ.व २०७७।७८ को प्राप्ति भुक्तानी हिसाब(मलेप फारम नं २७२) मा गत वर्षको जिम्मेवरी बापत रकम रु.९०४३१२६७।०९ मात्र देखिएकोले जिम्मेवारीमा घटी देखिएको रु.३२२६४७५।६२ सम्बन्धमा बैंक भिडान गरी यथार्थ मौज्दातको प्रमाण पेश हुनुपर्ने रु... | ३,२२६,४७५.६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **निशुल्क औषधि खरिद**<br>**निशुल्क औषधिः** सार्वजनिक खरिद नियमावली २०६४ मा सिलबन्दी दरभाउपत्रबाट खरिद सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले ५८ प्रकारका निशुल्क औषधिहरु खरिद सम्बन्धी कार्य गर्न लागत अनुमान तयार गर्दा आवश्यक परिमाणको आधारमा रु.6900069/- को लागत अनुमान भएको तर वार्षिक बजेट रु.20 लाख मात्र रहेको देखाई रु.20 लाखको औषधि र सेमी अटो बायोमेट्रिक एनालाइजर रु.3 लाख ५० हजारमा खरिद कार्य गर्ने गरी ४५ प्रकारका औषधि मात्र खरिद गर्ने र लागत अनुमान समेत रु.२० लाख कायम गरी २०७७।६।२ मा सिलबन्दी दरभाउपत्र माग गरेको पाइयो । उक्त अवधि भित्र ३ वटा दरभाउपत्र पेश भै न्युनतम कवुल गर्ने ड्रागन इन्टरप्राइजेज फार्मेसीको रु.17५७०१६/- को दरभाउपत्र स्वीकृत गरी सम्झौता गरिकेपछि पुनः ५८ प्रकारकै औषधि सप्लाईको माग फारम पठाई खर्च गरेको पाइयो । स्वीकृत लागत अनुमानलाई बजेटको सीमा भित्र मात्र राखी घटी संख्यामा औषधि खरिद गर्न स्वीकृत गरेकोमा सप्लायर्सको छनौट पछि पुनः थप परिमाण औषधि खरिद गरेको कार्यले वास्तविक आवश्यक औषधिहरु मात्र खरिद गरेको मान्ने आधार देखिएन । नियममा भएको व्यवस्थाको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ । | |
| २६ | | | **सोझै खरिद**<br>**बजेट रकम र खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वार्षिक खरिद योजना तयार गरेको पाइएन । नियम ५ मा मालसामान खरिद सम्बन्धी कारवाही शुरु गर्नुअघि सम्बन्धित निकायको खरिद इकाइले शाखा महाशाखाबाट खरिद माग प्राप्त गरी माग गरिएको मालसामानको प्रकार, गुणस्तर, परिमाण सम्बन्ध विवरण, मालसामान आवश्यक पर्ने समय र अनुमानित मूल्य समेतको स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।<br>पालिकाले २०७७।७८ को विनियोजनमा विद्युत विस्तार तथा व्यवस्थापन शिर्षकमा रु.20 लाख विनियोजन गरेको पाइयो । कार्यालयले उक्त बजेटबाट वडाहरुबाट विजुलीको बल्ब माग भएको उल्लेख गरी प्रत्येक वडामा रु.70000/- को दरबाट ४० वाट को LED बल्ब खरिद गर्न टिप्पणी मार्फत उल्लेख गरेको भएतापनि बल्बको स्पेसिफिकेशन तोकेको पाइएन । उक्त खरिदको लागत अनुमान तयार गर्दा LED बल्ब १ वर्ष वारेन्टि, मध्यम गुणस्तर उल्लेख गरी प्रति गोटा रु.880/- का दरले ४९३ वटाको रु.490239.30 स्वीकृत गरेको छ । विजुलीको बल्ब खरिद कार्य दररेट माग गर्दा ३ विक्रेताबाट दररेट लिई घटी दर पेश गरेको एन.ई.सी. पावर कोहिनुर ट्रेडिङबाट ४५ वाट को LED बल्ब रु.840.71 प्रति गोटाको दरबाट २०७७।७।४ मा स्वीकृत र सम्झौता गरी ३ दिन भित्र सप्लाई गर्न आदेश दिएको छ । उक्त सप्लायर्सबाट ५०० थान बल्ब खरिद गरी प्रति वडा ७० थानको दरले (५ वडामा ८० थान) वडा सचिवलाई बल्ब बुझाएको आधारमा सप्लायर्सलाई भुक्तानी गरेको देखियो । खरिद गर्नुपूर्व माग संकलन नगरेको, स्पेसिफिकेशन नतोकेको (गुणस्तर मध्यम) र विनियोजन बजेटमा रु.20 लाख व्यवस्था भएतापनि सोझै खरिदको सीमा भित्रको मात्र लागत अनुमान तयारी गरी खरिद गर्नाले मितव्ययी ढंगबाट गुणस्तरयुक्त मालसामान पाएको मान्ने आधार देखिएन। खरिद योजनामा समावेश गरी प्रतिस्पर्धाबाट गुणस्तरयुक्त मालसामान खरिद गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | ७१७ | २०७८-३-२९ | **सिंचाई मिटर विल**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्च सँग सम्बन्धित विल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले सिंचाई मिटरको विलमा उठेको रकममा २५ प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत वडा नं. १ का ३४४ जनाको २५ प्रतिशत विद्युत दस्तुर रकम रु. २१०६६८/- भुक्तानी गरेकोमा मिटर रिडिङ्ग विल समावेश नभएकोले खर्च एकिन गर्न नसकिएको रु. | २१०,६६८ |
| २८ | विभिन्न | | **वडा स्तरीय योजना अनुगमन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ ख ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने कार्य उपाध्यक्षको हुने व्यवस्था छ । साथै गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा पदाधिकारीहरुलाई मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । योजनाको कार्य गराउँदा सम्बन्धित साइट इन्जिनियर खटिएको अवस्थामा ती कर्मचारी तथा उपाध्यक्षबाट अनुगमन गराई कार्य गर्नुपर्नेमा पालिकाले वडामा सञ्चालित रु. २ लाख सम्मका योजना वडा समितिबाट अनुगमन गराई सो बापत देहायअनुसार रु. २६५०००/- अनुगमन भत्ता खर्च लेखेको छ । ऐनमा व्यवस्था भएको अनुगमन समिति भन्दा फरक गरी वडागत समिति मार्फत अनुगमन गराई अनुगमन भत्ता भुक्तानी बापतको खर्च नियमसम्मत नदेखिएको रु. | २६५,००० |

| गो. भौ. नं. र मिति | वडा नम्वर | सहभागी संख्या | अनुगमन संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५५८-०७८।३।१२ | ६ | ४ | ७ | २८००० |
| ५६२-०७८।३।१४ | ५ | ५ | ८ | ३५००० |
| ६१२-०७८।३।२२ | ४ | ४ | १२ | ४८००० |
| ६२९-०७८।३।२३ | ३ | ५ | १० | ५०००० |
| ६३५-०७८।३।२४ | १ | ६ | ६ | ३६००० |
| ६३८-०७८।३।२४ | २ | ४ | ३ | १२००० |
| ५२७-०७८।२।३० | ७ | ६ | १० | ५६००० |
| | | | जम्मा | २६५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम दर्जा, भ्रमण खटिएको स्थान, मिति र स्पष्ट काम समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वस्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालिको थप व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण खर्चमा रु. १६८६१०० /- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको पालना गर्नुपर्दछ । | |
| ३० | | | **सभा सञ्चालन खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष गाउँ सभा सञ्चालनमा गर्दा भत्ता वितरण बाहेक ब्याग, रेनकोट, खाना, खाजा, चिया, नास्ता लगायतको भुक्तानीमा रु. ३९७०००/- खर्च गरेको छ । यस्तो खर्चमा मित्वययीता कायम गर्नु पर्दछ । | |
| ३१ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. १३५६४६६/- खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । साथै यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td>विभिन्न</td><td></td><td>न्यायीक समिति भत्ता वितरण<br>आयकर ऐन, २०५८ को दफा ८७ र ८८ भएको कारोबारको भुक्तानी गर्नुपुर्व कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले न्यायीक समितिको भत्ता वितरण गर्दा उपर्युक्त व्यवस्था बमोजिम अग्रीम कर कट्टी गरेको पाइएन । अतः न्यायीक समितिको भत्ता भुक्तानी गर्दा कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><th>सि.नं.</th><th>नाम पद र दर्जा</th><th>भुक्तानी रकम</th><th>कर कट्टी गर्नुपर्ने रकम</th><th>कर कट्टी गरेको रकम</th><th>नपुग कर</th></tr>
<tr><td>१</td><td>उपाध्यक्ष वेनु प्रसाद सिवाकोटी</td><td>२८८००</td><td>४३२०</td><td>२८८</td><td>४०३२</td></tr>
<tr><td>२</td><td>का.पा.सदस्य ताग वोगटी</td><td>२४०००</td><td>३६००</td><td>२४०</td><td>३३६०</td></tr>
<tr><td>३</td><td>का.पा.सदस्य वेदनिधी पोख्रेल</td><td>२४०००</td><td>३६००</td><td>२४०</td><td>३३६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१०७५२</td></tr>
</table></td><td>१०,७५२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | ६१४ | २०७८-३-२२ | **विधायन समिति बैठक भत्ता**<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) को दफा ४ मा सभाद्वारा गठित विषयगत समितिको हकमा जतिसुकै पटक बैठक बसे पनि बैठकमा उपस्थित सदस्यले एक महिनामा एउटा बैठकको मात्र बैठक भत्ता पाउने उल्लेख छ । पालिकाले विधेयक समितिको बैठक भत्ता खर्च भुक्तानी लेख्दा देहाय अनुसारका पदाधिकारी तथा कर्मचारीहरुलाई चैत्र र बैशाख महिनामा १ भन्दा बढी बैठकको भत्ता भुक्तानी पाइयो । यस प्रकारका बैठकको भत्ता भुक्तानी दिन ऐन बमोजिम नमिल्ने हुँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ८,५०० |

| सि. नं. | नाम थर | बैठक संख्या | भुक्तानी रकम कट्टीकर घटाई | कैफियत |
|---|---|---|---|---|
| १ | केदार कटुवाल | २ | १७०० | एक महिनामा २ पटक |
| २ | चक्र गुरुङ्ग | २ | १७०० | एक महिनामा २ पटक |
| ३ | शारदा पौडेल | २ | १७०० | एक महिनामा २ पटक |
| ४ | भोज कुमार ढुँगेल | २ | १७०० | एक महिनामा २ पटक |
| ५ | लय प्रसाद चाम्लागाई | २ | १७०० | एक महिनामा २ पटक |
| | | जम्मा | ८५०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | विभिन्न | | **रितपूर्वकको कर बिजक**<br>मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार विक्रेताले क्रेतालाई मूल्य अभिवृद्धि कर समावेश वस्तु तथा सेवा आपूर्ति गर्दा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर बिजक जारी गर्नु पर्दछ । पालिकाले यस वर्ष इन्धन खरिद बापत रिजाल आयल सप्लायर्स एण्ड ट्रेडर्सलाई (भ्याट नं. ३०५३२०११५) रु. १२४२३३९/- भुक्तानी दिएकोमा आपूर्तकले नियमानुसार भ्याट विजक जारी नगरी पान विजक जारी गरेको पाइयो । नियममा भएको व्यवस्था अनुसार भ्याट विजक जारी नगरी प्यान विजकको आधारमा खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु. | १,२४२,३३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **इन्धन खर्च**<br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी पदाधिकारी इन्धन तर्फ रु. ५०००००/- र कर्मचारी इन्धन शिर्षकबाट यस वर्ष रु. ११३४९०४/- खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौंट गर्नुपर्दछ । अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ। | |
| ३६ | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. १४९३२३३/- र मेशिनरी औजार मर्मतमा रु. ४३४६६७/- खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ । | |
| ३७ | ६४२ | २०७८-३-२४ | **कृषि गुरुयोजना निर्माण**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने सुनिश्चित भएका आयोजनाको मात्र कार्यालयले गुरुयोजना (डी.पी.आर.) प्रतिवेदन तयार गर्नु पर्दछ । गाउँपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिकाका कृषि सम्बन्धी गुरुयोजना निर्माण गरी प्रतिवेदन तयार गर्ने कार्य इन्ट्रिगेटेड स्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि. बाट गराई रु. ११८९५५१/- खर्च लेखेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको कार्य क्षेत्रगत शर्त तथा लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गर्ने गरेको देखियो । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु बजेट प्राप्त भै कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता नदेखिएको रु. | १,१८९,५५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | ६१८ | २०७८-३-२२ | **मुल्य अभिवृद्धि कर कट्टी**<br>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार ठेक्का वा करार अन्तर्गत आपूर्ती हुने बस्तु वा सेवाको मूल्य अभिवृद्धि कर सहितको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशतले हुने रकम निजको नामबाट कार्यालयले सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्दछ। पालिकाले पानस सप्लार्यस एण्ड ट्रेडर्सलाई स्टेश्नरी तथा कार्यालय सामग्री खरिदको भुक्तानी रु. ७३६४३२/- मध्ये मुल्य अभिवृद्धि कर रु. ८४७२२/- को ३० प्रतिशतले हुने रु. २५४१६/- कट्टि गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकोले सो रकम सम्बन्धित महिनाको कर विवरणमा समावेश गरी समायोजनको प्रमाण पेश हुनुपर्ने रु. | २५,४१६ |
| ३९ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यकोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न पदमा कर्मचारी करारमा लिई रु. ९४७१८४०/- तलब भत्ता खर्च लेखेको छ ।<br>त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पदवाहेक दरबन्दी भित्र वा वाहिरको गरी कम्प्युटर अपरेटर १, सहायक कम्प्युटर अपरेटर ८, सव ओवरसियर २, अमिन १, ना.प्रा.स. ३, ल्याव असिसटेन्ट २ गरी जम्मा १७ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. ६०७१४८०/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु. | ६,०७१,४८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td>विभिन्न</td><td></td><td>
मासिक अनुगमन भत्ता<br>
गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु. १००००/-, उपाध्यक्षले रु. १००००/-, वडाध्यक्षले रु. ४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनौट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश नभएको रु.
<table>
<tr><th>पद</th><th>संख्या</th><th>मासिक अनुगमन भत्ता दर</th><th>वार्षिक अनुगमन भत्ता</th></tr>
<tr><td>गाउँपालिका अध्यक्ष</td><td>१</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>गाउँपालिका उपाध्यक्ष</td><td>१</td><td>१००००</td><td>१२००००</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>७</td><td>४०००</td><td>३३६०००</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>६</td><td>२०००</td><td>१४४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७२००००</td></tr>
</table>
</td><td>७२०,०००</td></tr>
<tr><td>४१</td><td>विभिन्न</td><td></td><td>
पारीश्रमिक कर<br>
आयकर ऐन, २०५८ को दफा ८७ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको आय हिसाब गरी छुट पाउने रकम कट्टा गरि बाँकी रकममा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । गाउँपालिकाका देहायबमोजिमका पदाधिकारीहरुको सेवा सुविधाबापत प्राप्त आयमा लाग्ने कर कट्टी नगरेकोले कर बापतको रकम असुल गर्नु पर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम र दर्जा</th><th>वार्षिक आय</th><th>कर योग्य आय</th><th>कट्टी गर्नुपर्ने कर (सा.सु. कर सहित)</th><th>कट्टी गरेको सा.सु. कर</th><th>नपुग कर</th></tr>
<tr><td>अध्यक्ष मेनुका काफ्ले</td><td>५२८०००</td><td>७८०००</td><td>१२३००</td><td>५२८०</td><td>७०२०</td></tr>
<tr><td>उपाध्यक्ष वेनु प्रसाद सिवाकोटी</td><td>४८००००</td><td>३००००</td><td>७५००</td><td>४८००</td><td>२७००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>९७२०</td></tr>
</table>
</td><td>९,७२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | विभिन्न | | **गैह्र सरकारी संस्था मार्फत कार्यक्रम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सुचिमा रहेका ग्रैह सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लागत मूल्याङ्कन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिका निर्णयको आधारमा देहायका ग्रैह सरकारी संस्था मार्फत विभिन्न कार्यक्रम सञ्चालन सोझै गरेको पाइयो । कार्यक्रम सत्र्चालन गर्दा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त समेत तयार नगरी विभिन्न तालिम सत्र्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुसार प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । नियममा भएको व्यवस्था पालना नगरी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु. | १,६७४,६७० |

| भौ नं. र मिति | संस्थाको नाम | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| ३६४-०७७।१२।२<br>६०७-०७८।३।२२ | नेपाल आदिवासी जनजाती महासंघ | कम्प्युटर तालिम तथा संस्था सञ्चालन खर्च | २५०००० |
| ५५९-०७८।३।१३ | उद्यमशिल महिला जागरण केन्द्र | ढाकाको तान लगाउने तालिम | २००००० |
| ६४४-०७८।३।२४ | झापा प्राविधिक शिक्षालय | ढाका बुनाई तालिम | ४००००० |
| ६४५-०७८।३।२४ | नेपाल आदिवासी जनजाती महासंघ | प्लम्बिङ्ग तालिम | ३००००० |
| ६४६-०७८।३।२४ | नेपाल आदिवासी जनजाती महासंघ | भाषा संस्कृति तथा भेषभुषा संरक्षण तालिम | ३७८००० |
| ६५०-०७८।३।२४ | समावेशी महिला शसक्तिकरण केन्द्र | चुरा पोते बनाउने तालिम | १४६६७० |
| | जम्मा | | १६७४६७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | विभिन्न | | **नन्फाईलरः**<br>मूल्य अभिवृद्धि कर ऐन,२०५२को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.२७०२६०/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । | २७०,२६० |

| गो.भौ.नं र मिति | भुक्तानी पाउनेको नाम | प्यान नं | मू.अ.कर रकम | नन्फाईलर रहेको मिति |
|---|---|---|---|---|
| ६५-२०७७।११।६(सशर्त) | वर्ल्ड ट्रेड कन्सट्रक्सन कम्पनी प्रा.लि. | ६०३५५८५९३ | ६२५८९ | आ.व.२०७६।७७ देखि |
| ६७-२०७७।११।६ (नपा पूँजिगत) | वर्ल्ड ट्रेड कन्सट्रक्सन कम्पनी प्रा.लि. | ६०३५५८५९३ | ६३०४२ | आ.व.२०७६।७७ देखि |
| १५२-२०७८।१।१९ (नपा पूँजिगत) | वर्ल्ड ट्रेड कन्सट्रक्सन कम्पनी प्रा.लि. | ६०३५५८५९३ | ७५६३४ | आ.व.२०७६।७७ देखि |
| ३१४-२०७८।३।३० (नपा पूँजिगत) | वर्ल्ड ट्रेड कन्सट्रक्सन कम्पनी प्रा.लि. | ६०३५५८५९३ | ६८९९५ | आ.व.२०७६।७७ देखि |
| | | **जम्मा** | **२७०२६०** | |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | विभिन्न | | **फिल्ड भत्ताः**<br>**फिल्ड भत्ताः** नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य शाखातर्फ कार्यरत निम्नानुसारका कर्मचारीलाई मासिक स्थानीय भत्ताको अतिरिक्त फिल्ड भत्ता उल्लेख गरी यो वर्ष रु.७२०००/- भुक्तानी गरेको छ । स्थानीय तहमा समायोजन भै स्थानीय भत्ता पाइरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा दोहोरो भत्ता रकम असुल हुनुपर्दछ रु.<br><table><tr><th>पद</th><th>नाम थर</th><th>भुक्तानी रकम(मासिक रु.१५००/- दर)</th></tr><tr><td>अ.न.मि.पाँचौ</td><td>श्री कमला पौडेल</td><td>१८०००</td></tr><tr><td>अ.न.मि.पाँचौ</td><td>डम्बर कुमारी शेर्मा</td><td>१८०००</td></tr><tr><td>अ.हे.व.चौथो</td><td>अमृत बहादुर लिम्बु</td><td>१८०००</td></tr><tr><td>अ.हे.व.चौथो</td><td>लक्ष्मण भट्टराई</td><td>१८०००</td></tr><tr><td></td><td>**जम्मा**</td><td>**७२०००**</td></tr></table> | ७२,००० |
| ४५ | २१८ | २०७८-३-२७ | **भौचर पेश नभएकोः**<br>पालिकाले उल्लेखित भौचर र मितिमा शिक्षा सशर्ततर्फ प्रति विद्यार्थी लागतको आधारमा सिकाई सामग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदानबाट श्री सूर्य प्रसाद न्यौपानेलाई रु.२११०००/- भुक्तानी दिएकोमा खर्च पुष्टी हुने विल भर्पाई लगायत श्रेस्ता लेखापरीक्षणमा पेश नभएकोले खर्च एकिन गर्न नसकिएको रु.... | २११,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td>विभिन्न</td><td></td><td>बिल बेगर भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलको निर्माण कार्यको बिल भुक्तानी गर्दा PS आईटम रहेकको कार्यको भुक्तानी दिएकोमा श्रेस्तासाथ बिल बिजक, टेष्ट रिपोर्ट संलग्न राखेको पाईएन तसर्थ उक्त भुक्तानीको आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>ठेकेदारको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>५१-२०७७।१०।४</td><td>पृथ्वी निर्माण सेवा</td><td>१००००</td><td>प्रोजेक्ट ईन्फर्मेसन बोर्ड</td></tr>
<tr><td>६५-२०७७।११।६</td><td>वर्ल्ड ट्रेड कन्सट्रक्सन कम्पनी प्रा लि</td><td>१५०००</td><td>ल्याब टेष्टबापत रु.१००००/- र बोर्ड ईन्स्टलेसनबापत रु.५०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५०००</td><td></td></tr>
</table></td><td>२५,०००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सयानिटरी प्याड खरिदः<br>संघिय सरकारबाट अख्तियारी साथ प्राप्त कार्यक्रम तथा बजेट खर्च गर्दा तोकिएको शर्तको पालना गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालय छात्राहरुलाई वितरण गर्न आह्वान गरेको स्यानिटरी प्याड खरिद ठेक्का सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छः</td><td></td></tr>
<tr><td>४७.१</td><td>१४१</td><td>२०७८-२-२१</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६५ मा तोकिएको कार्य प्रयोजनको लागि राखिएको धरौटी काम पूरा नगरेमा जफत गर्ने सम्बन्धमा व्यवस्था छ । पालिकाले स्यानिटरी प्याड खरिद गर्न आह्वान गरेको ठेक्का (ठे.नं.05/KRM/Sanitary Pad/077/78)मा निक्की फर्मा डिष्ट्रिव्युटर्सले सबैभन्दा घटी कबोल गरेकोमा उक्त व्यवसायी सम्झौता गर्न नआएकोले धरौटी जफत गरी अन्य पार्टी संग सम्झौता गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म धरौटी जफत गरी राजश्व दाखिला गरेको नपाईएकोले उक्त धरौटी रकम राजश्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु...</td><td>६५,०००</td></tr>
<tr><td>४७.२</td><td>१४१</td><td>२०७८-२-२१</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा सम्झौताको म्याद थप सम्बन्धी व्यवस्था रहेको छ । नियम १२१ मा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभएका निर्माण व्यवासायीले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ती तिर्नुपर्ने व्यवस्था छ । पालिका र अम्बर सप्लायर्स बिच सम्झौता मितिले ३० दिनभित्र सप्लाई गर्ने गरी २०७७।९।१७ मा ४४४०९ प्याकेट स्यानिटरी प्याड प्रति प्याकेट रु.२७।९७ ( मू.अ.कर समेत )को दरले सम्झौता भएकोमा उक्त सामाग्री कार्यालयमा २०७८।१।१७ मा मात्र प्राप्त भई जिन्सी दाखिला भएको पाईयो । म्याद थप बेगर तोकिएको समयावधि भन्दा ढिलो सप्लाई गरेकोमा नियमानुसार लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धित सप्लायरबाट असुल हुनुपर्ने रु...</td><td>४९,४५५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.३ | | | संघीय सरकारबाट वित्तिय हस्तान्तरणमार्फत प्राप्त कार्यक्रम तथा बजेट खर्च गर्दा तोकिएको शर्तको पालना गरी गर्नुपर्ने व्यवस्था छ । कोरोना १९ को कारण २०७८।१। १८ देखि विद्यालय बन्द रहेको अवस्थामा पालिकाले आवश्यक्ता पहिचान बेगर विद्यालयबाट माग संकलन नगरी अम्बर सप्लायर्सबाट ४४४०९ प्याकेट स्यानिटरी प्याड खरिद गरेकोमा सो मध्ये १०४९३ प्याकेट लेखापरीक्षण अवधि सम्म पालिका जिन्सी खातामा मौज्दात रहेको देखिएकोले उक्त मौज्दात प्याडहरु सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यार्थीलाई वितरण भएको प्रमाण पेश हुनुपर्ने रु... | २९३,४२७ |
| ४७.४ | | | सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनोट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा कालोसुचीमा राख्न सक्ने व्यवस्था छ । तर निक्की फर्मा डिष्ट्रिब्युटर्स सम्झौता गर्न नआएकोमा कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाएको पाईएन । | |
| ४८ | ७३ र १७७ | | **दिवा खाजा**<br>शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्दछ । पालिकाले उल्लेखित मितिको भौचरबाट ७३ बाट २१ विद्यालयको ३०४४ विद्यार्थीलाई ४९ दिनको प्रति विद्यार्थी रु.१५।– का दरले रु.२२३७३४०।–र दोश्रो चरणमा भौ नं १७७ बाट बैशाख १ देखि १३ सम्म जनाई रु.११४९३०५।– सहित जम्मा रु.३३८६६४५/- दिवा खाजा रकम निकासा गरेकोमा सम्बन्धित विद्यालयहरुले लेखापरीक्षण अवधिसम्म उक्त रकमबाट भएको खर्च र विद्यार्थीलाई बुझाएको प्रमाण पेश नभएको साथै २०७८।१।१३ देखि कोभिड-१९ को कारणले विद्यालयहरु बन्द रहेकोले निकासा भएको रकमबाट तोकिएको कार्यमा खर्च भए नभएको यकिन गरी खर्च नभएमा रकम फिर्ता लिई संघीय संचित कोष दाखिला हुनुपर्दछ रु. | ३,३८६,६४५ |
| ४९ | ९७ र २६९(सशर्त) २६९(नपा पुँजिगत) | | **विद्यालय भौतिक निर्माण अनुदानः**<br>संघिय सरकारबाट शिक्षातर्फ प्राप्त कार्यक्रम कार्यान्वयन तथा बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ ।विद्यालय भौतिक निर्माण अनुदान अन्तर्गत रु.६५८६५२४।५३ लागत अनुमान भएको ४ कोठे भवन निर्माण गर्न पालिका र सरस्वती मा वि बिच २०७७।१२।१ मा पालिकाले रु.४२०००००/-(रु.३६०००००/- सशर्त, रु.६०००००/- नपा पुँजिगत ) र बाँकी रकम भवन निर्माण उपभोक्ता समितिबाट व्यहोर्ने गरी २०७८।३।३१ सम्म सम्पन्न गर्ने गरी सम्झौता भएको पाईयो । सम्झौताको शर्तमा तोकिएबमोजिम कार्य भए नभएको एकिन नभई पुरै अनुदान रकम निकासा दिएको छ ।लेखापरीक्षण अवधिसम्म निर्माणकार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले सम्झौताको शर्त अनुसार तोकिएको अनुपातमा उपभोक्ता समितिले लागत व्यहोरेको खुल्ने कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने अन्यथा भएको कार्यको आनुपात एकिन गरी फिर्ता हुनुपर्ने रु... | ४,२००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td>१५९ र<br>१९८</td><td></td><td>अन्य शैक्षिक अनुदानः<br>शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न मिति र भौचरबाट तपसिलको अनुदान रकम विद्यालय खातामा निकासा दिएकोमा सोको अनुगमन गरी अनुदान रकम तोकिएको कार्यमा प्रयोग गरे नगरको सम्बन्धमा अनुगमन प्रतिवेदन तयार गरेको पाईएन । निकासा दिएको अनुदान रकम तोकिएको कार्यमा प्रयोग भएको सम्बन्धमा पालिकाले सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।<br>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>व्यहोरा</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१५९-२०७८।३।१२</td><td>पूर्व प्राथमिक देखि कक्षा १२ सम्मको ६४९७ विद्यार्थीलाई प्रति विद्यार्थी रु.२००/- को दरले स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न रकम विद्यालय निकासा</td><td>१२९९४००</td><td>अनुदान रकमबाट विद्यार्थीलाई स्वास्थ्य सुरक्षा सामग्री खरिद गरे नगरेको सम्बन्धमा अनुगमन गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन</td></tr>
<tr><td>१९८-२०७८।३।२५</td><td>कक्षा ४-१२ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी मासिक रु.१२५/- को दरले ३ महिनाको CUG रकम विद्यालय निकासा</td><td>१६५३३७५</td><td>अनुदान रकमबाट विद्यार्थीलाई CUGसेवामा आवद्ध गराए नगराए सम्बन्धमा पालिकाबाट अनुगमन गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९५२७७५</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>शिक्षण सिकाई अनुदानः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१.१</td><td>२२२</td><td>२०७८-३-२८</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघिय संचितकोषबाट स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये आर्थिक वर्षमा खर्च हुन नसकेको रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ साथै संघीय सरकारबाट प्राप्त शिक्षा सशर्त तर्फको शिक्षण सिकाई अनुदान रकम खर्च गर्दा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं ६ मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार शून्य दरबन्दी भएका माध्यमिक विद्यालयका लागि प्रति विद्यालय बढीमा ३ शिक्षक सम्म व्यवस्थापन गर्न बुँदा नं ८ मा तोकिएको दरबाट तलब भुक्तानी हुनेगरी शिक्षक नियुक्ती गर्न पाउने भन्ने व्यवस्था रहेको पाईयो । पालिकाले तपसिलको विद्यालयलाई अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान बापत प्रति शिक्षक ६ महिनाको तलब व्यवस्थापन गर्न रु.१२९६०००/- निकासा दिएकोमा उल्लेखित विषय अध्यापन गराउन विद्यालयले निम्न शिक्षकहरु नियुक्ति गरेको प्रमाण लेखापरीक्षणमा पेश भएकोमा असार सम्मको तलब भुक्तानी हुने रकम कट्टा गरी बाँकी हुन आउने रकम पालिकाले फिर्ता लिई संघीय संचितकोष दाखिला हुनुपर्ने रु...
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>शिक्षकको नाममा निकासा रकम</th><th>नियुक्ति मिति</th><th>भुक्तानी रकम ३ महिना .... दिन</th><th>बढी रकम</th></tr>
<tr><td>सरस्वती मावि</td><td>नारायण रायमाझी</td><td>२१६०००</td><td>२०७७।१२।११</td><td>१३२०००</td><td>८४०००</td></tr>
<tr><td>सरस्वती मावि</td><td>उर्मिला रायमाझी</td><td>२१६०००</td><td>२०७७।१२।११</td><td>१३२०००</td><td>८४०००</td></tr>
<tr><td>बाँसबारी मावि</td><td>सुरेश प्रणामी</td><td>२१६०००</td><td>२०७७।१२।१२</td><td>१३०८००</td><td>८५२००</td></tr>
<tr><td>ज्योति मावि</td><td>झंकार सोडारी</td><td>२१६०००</td><td>२०७७।१२।१२</td><td>१३०८००</td><td>८५२००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३३८४००</td></tr>
</table></td><td>३३८,४००</td></tr>
<tr><td>५१.२</td><td>२२२</td><td>२०७८-३-२८</td><td>संघीय सरकारबाट प्राप्त शिक्षा सशर्त तर्फको शिक्षण सिकाई अनुदान रकम खर्च गर्दा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं ६ मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार शून्य दरबन्दी भएका माध्यमिक विद्यालयका लागि प्रति विद्यालय बढीमा ३ शिक्षक सम्म व्यवस्थापन गर्न बुँदा नं ८ मा तोकिएको दरबाट तलब भुक्तानी हुनेगरी शिक्षक नियुक्ती गर्न पाउने भन्ने व्यवस्था रहेको पाईयो । पालिकाले कंचनजंघा आविलाई अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान बापत १ शिक्षकको ६ महिनाको तलब व्यवस्थापन गर्न रु.२१६०००/- निकासा दिएकोमा उल्लेखित विषय अध्यापन गराउन शिक्षक नियुक्ति सम्बन्धित प्रमाण लेखापरीक्षणमा पेश भएन । तोकिएको आर्थिक वर्षभित्र उल्लेखित रकम खर्च भए नभएको सम्बन्धमा पालिकाले एकिन गरी खर्च नभएमा पालिकाले विद्यालयबाट फिर्ता लिई संघीय संचित कोष फिर्ता हुनुपर्ने रु...</td><td>२१६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td>२६२</td><td>२०७८-३-३०</td><td>छपाई खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित मितिर भौचरबाट सशर्त शिक्षातर्फको "कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागी शैक्षिक कार्यक्रम" अन्तर्गत तपसिलको अध्ययन सामग्री छपाई बापत पेन्टागन ईन्टरप्राईजेजलाई रकम भुक्तानी दिएकोमा उक्त सामग्रीहरु पालिकाको जिन्सी खातामा दाखिला गरेको प्रमाण श्रेस्ता साथ संलग्न गरेको पाईयो ।
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>कक्षा ३ को स्व अध्ययन सामग्री</td><td>४७०</td><td>१९१।९५</td><td>९०२१६</td></tr>
<tr><td>कक्षा ४ को स्व अध्ययन सामग्री</td><td>४९१</td><td>२०३।९५</td><td>१००१३९</td></tr>
<tr><td>कक्षा ५ को स्व अध्ययन सामग्री</td><td>५१०</td><td>२१९।९५</td><td>११२१७५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३०२५३०</td></tr>
</table>
छपाई गरिएको सामग्री तोकिएको कक्षाको विद्यार्थीलाई हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्ने रु...</td><td>३०२,५३०</td></tr>
<tr><td>५३</td><td>२११</td><td>२०७८-३-२६</td><td>असम्बन्धित खर्च भुक्तानीः<br>संघीय सरकारबाट प्राप्त बजेट खर्च गर्दा तोकिएको नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था छ । संघिय सरकारबाट प्राप्त धान उत्पादन प्रवर्द्धन कार्यक्रमबापत प्राप्त बजेटबाट उल्लेखित भौचर र मितिबाट पालिकाले प्रा स महेन्द्र बोहोरालाई ल्यापटप ब्याग, रेनकोट खरिद र बाईक मर्मत बापत रु.५६०००/- भुक्तानी खर्च दिएको पाईयो । कार्यक्रममा तोकिएको कार्य बाहेकको कार्मायमा भुक्तानी दिएको रकम अनियमित देखिएको रु...</td><td>५६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td>विभिन्न</td><td></td><td>

**प्रमाण बेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सशर्त कृषितर्फ प्राप्त धान उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा धानको विउ/मल खरिद बापत तपसिलको भुक्तानी खर्च लेखेकोमा कृषकलाई वितरण गरेको प्रमाण श्रेस्तासाथ संलग्न रहेको नपाईएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...

<table>
<tr><th>भौ.नं. र मिति</th><th>भुक्तानी पाउने</th><th>खरिद भएको सामग्री</th><th>रकम(५०%)</th><th>कैफियत</th></tr>
<tr><td>८०-०७७।<br>११।२१</td><td>प्रा.स महेन्द्र<br>बोहोरा</td><td>हर्दिनाथ मूल बिउ ६३००<br>केजि*६०=३७८०००<br>हर्दिनाथ १ २९५०<br>केजि*६०=१७७०००</td><td>२७७५००</td><td>बिउ वितरण प्रमाण नभएको</td></tr>
<tr><td>८८-०७७।<br>१२।८</td><td>सम्राट ट्रेडर्स</td><td>हर्दिनाथ १०५००<br>केजि*६०=६३००००</td><td>१३६५००</td><td>८२२५ केजि वितरणको प्रमाण संलग्न बाँकी २२७५ केजिको<br>वितरण प्रमाण नभएको</td></tr>
<tr><td>८९-०७७।<br>१२।८</td><td>एस जि एग्रो<br>ट्रेडर्स</td><td>हर्दिनाथ १०५००<br>केजि*६०=६३००००</td><td>१४९१००</td><td>८०१५ केजि वितरणको प्रमाण संलग्न बाँकी २४८५ केजिको<br>वितरण प्रमाण नभएको</td></tr>
<tr><td>१३६-०७८।<br>२।५</td><td>श्रेखरा कृषि<br>भण्डार</td><td>रंजित धान ९५५०<br>केजि*७०=६६८५००<br>स्वर्ण सब-१ ५२५ केजि*६०=३१५००</td><td>३५००००</td><td>वितरण प्रमाण नभएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९१३१००</td><td></td></tr>
</table>

</td><td>९१३,१००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | २०८ र २३८ | | **गाई प्रवर्द्धन कार्यक्रमः**<br>वित्तिय हस्तान्तरणमार्फत कृषि तथा पशु सेवा तर्फ प्राप्त कार्यक्रमहरु संचालन गरी रकम खर्च गर्दा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट स्वीकृत लागत साझेदारीमा पशुपंक्षी प्रवर्द्धन कार्यक्रम कार्य संचालन प्रकृया सम्बन्धि मार्गदर्शन, २०७७ ले तोके बमोजिम गर्नुपर्ने व्यवस्था छ । मार्गदर्शनको बुँदा नं ५ मा कार्यक्रम कार्यान्वियनको नर्म्सको व्यवस्था रहेको र अनुसुची ७(२) बमोजिम लागत साझेदा्रीमा गाई प्रवर्द्धन कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख रहेको छ । जस अनुसार प्रति पालिका १० कृषकको समूहलाई प्रति कृषक २ वटा जर्सी वा होलिस्टेन क्रस गाई न्युनतम हुनुपर्ने तोकिएको छ । लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम बापत यो वर्ष रु.२१३३०००/- बजेट प्राप्त भएकोमा पालिकाले ईन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्थासंग सम्झौता गरी गोठ मर्मत र १४२ वटा गाई खरिद गरी ५० जना कृषकलाई वितरण गरेको प्रमाणको आधारमा लागत साझेदारी बापत सहकारीलाई रु.१८१३०५०/- भुक्तानी दिएको छ । बहुउद्देश्यीय सहकारी मार्फत गाईको प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरेको र सहकारी मार्फत पेश भएको गाई खरिदको विवरण अनुसार श्रोतकेन्द्र नतोकि सोझै कृषकबाट गाई खरिद गरेको पाइयो । मार्गदर्शनमा तोकिए अनुसार खरिद गरिएको गाई जर्सी वा होलिस्टेन क्रस गाई भएको प्रमाणित गरिएको नपाईएकोले यो वर्ष लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रममा भएको खर्च मार्गदर्शनमा तोकिए बमोजिम भएको मान्ने आधार नदेखिएको रु... | १,८१३,०५० |
| ५६ | १७३ | २०७८-३-२० | **पकेट कार्यक्रम(बाख्रा)**<br>स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण पठाईएको बाख्राको सानो व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम कार्यविधि संचालन मार्गदर्शन २०७७ मा तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । जस अनुसार पशुतर्फको पकेट कार्यक्रम संचालन गर्दा बाख्राको प्रति पकेट ५ समूह रहने र प्रति परिवार ५ माउ बाख्रा न्युनतम हुनुपर्ने गरी कार्यक्रमको संचालन ढाँचा स्वीकृत भएकोमा कार्यालयले बाख्रा पकेट कार्यक्रम संचालन गर्न रु.२७०००००/-(प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमबाट ) को लागत अनुमान तयार गरी सो मध्ये लखनपुर साना कृषि सहकारी संस्था लि. ले रु.१२०००००/- व्यहोर्ने गरी लागत बाँडफाँड गरी यो वर्ष पालिकाले रु.१३०००००/- उक्त सहकारीलाई निकासा गरेको पाईयो । पालिकाले ५ वटा बाख्रापालन समूहलाई माउ बाख्रा, बोका र खोर सुधारबापत प्रति समूह रु.२४००००/- को दरले ५० प्रतिशत लागत साझेदारी रकम र सोको बिमा बापतको रकम सहकारीलाई भुक्तानी दिएको छ । सहकारीमार्फत पेश भएको कार्यक्रम संचालन प्रस्तावनामा बाख्राहरु व्यवयायिक फर्मबाट खरिद गर्ने गरी पेश गरेकोमा श्रोत केन्द्र नतोकिएको र समुहको सदस्यहरुको बाख्रा बोका स्थानीयस्तरमै खरिद गरेको तथा खरिद गरिएका बाख्रा/बोकाको पशु जाँच प्राविधिकबाट भएको समेत नदेखिएको छ । सहकारी संस्थामार्फत पकेट कार्यक्रम संचालन गरेकोमा सहकारी संस्थाबाट स्थापना भएको र कारोवार संचालन गरेको दर्ताको विवरण समेत पेश भएन । स्वीकृत निर्देशिका अनुसार मात्र कार्यक्रम संचालन गरी खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | विभिन्न | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडा नं १ देखि ६ मा **ढल तथा ड्रेन निर्माण, धाँधर नियन्त्रण, विद्यालय कम्पाउण्ड वाल निर्माण, खानेपानी पाईपलाईन विस्तार, बाटो मर्मत** लगायतको निर्माण कार्य कार्यक्रम सञ्चालन गरी यस वर्ष **१४०** जनालाई रोजगारी उपलव्ध गराई **रु.२३१७२१६**/- खर्च गरेको छ । लक्षित वर्गलाई **३ देखि ४७** दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला **रु.१२९८१८७/-,** प्रशासनिक र कार्यक्रम खर्च **रु.१०१९१०९**/- समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ५८ | ११५ | २०७८-१-९ | **प्रविधि हस्तान्तरणः**<br>गरिवी निवारणका लागी उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यवसायीक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघुउद्यमी , लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था रहेको छ । निर्देशिकामा यसरी हस्तान्तरण हुने प्रविधिको कुल अंकको वीस प्रतिशत रकम उद्यमीबाट लागत साझेदारी गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले तपसिलको उद्यमीलाई प्रविधि हस्तान्तरण गरेकोमा तोकिएको अंश रकम नलिई कार्यक्रमको रकम खर्च गरेको अनियमित देखिएको रु… | ६३,६७५ |

| **वितरण गरिएको सामग्री** | **रकम** | **२० प्रतिशत लागत साझेदारी रकम** |
|---|---|---|
| सिलाई मेशिन १० थान सगरमाथा समूह | १०७३५० | २१४७० |
| सिलाई मेशिन १० थान सिर्जनशिल लघुउद्यमी | १०७३५० | २१४७० |
| सिलाई मेशिन ५ थान लालिगुराँस समूह | ५३६७५ | १०७३५ |
| ढाका बुन्ने तान १ थान सगरमाथा समुह | १०००० | २००० |
| ढाका बुन्ने तान ४ थान लालिगुराँस समूह | ४०००० | ८००० |
| **जम्मा** | | **६३६७५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | १४७ | २०७८-२-३० | **व्यक्तिगत घटना दर्ता डिजिटलाईजेशनः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले परामर्श सेवाबाट व्यक्तिगत घटना दर्ता किताब डिजिटलाईजेशन गर्न नेश्नल ईन्क्युबेशन एण्ड रिसर्च सेन्टर प्रालिसंग सम्झौता गरी ५९३४४ वटा घटना दर्ता को प्रति घटना रु.७.२३२ को दरले अभिलेख डिजिटलाईजेशन गर्नेगरी सम्झौता भएको पाईयो । परामर्श दाताले भुक्तानी माग गर्दा पेश गरेको बिजक नं १२-२०७८।१।७ साथ संलग्न प्रगति प्रतिवेदन अनुसार ५५३३९ को मात्र अभिलेख डिजिटलाईज गरेको विवरण पेश गरेकोमा पालिकाले ५९३४४ वटै घटना अभिलेखबापतको रकम भुक्तानी दिएकोले बढी घटना संख्या ४००५ को प्रति घटनाको रु.७.२३२ को दरले बढी भुक्तानी दिएको रकम रु.२८९६४/- असुल हुनुपर्दछ रु.. | २८,९६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | विभिन्न | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः**<br>शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउँदा कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ मा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयले २०७८।३।२० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधारतर्फको रकम समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था स्थानिय तहले मिलाउने गरी निकासा दिन परिपत्र गरेको आधारमा पालिकाले निम्नानुसारका विद्यालयहरुलाई दुई कोठे भवन तथा शिक्षामा नविन्तम प्रवृधि कृयाकलाप सहितको कार्यको लागि निकासा गरेकोमा उक्त रकमबाट कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अनुसार तोकिएको प्रकृया पुरा गरी कार्यसम्पन्न भएको प्रमाण पेश नभएकोले सोको कार्यसम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु. | १०,१००,००० |

| विद्यालयको नाम | रकम |
|---|---|
| सरस्वती मा.वि. कमल ७ | १८००००० |
| मदन आश्रित मा.वि. | ६५०००० |
| महेन्द्ररत्त मा.वि. | ६५०००० |
| सिद्धदेवी आ.वि. | ६५०००० |
| कन्चनजंगा आ.वि. | ६५०००० |
| सरस्वती मा.वि. | ६५०००० |
| बाँसवारी मा.वि. | ६५०००० |
| ज्योती मा.वि. | ८००००० |
| मंगलमय मा.वि. | १८००००० |
| सहिद धर्म मा.वि. | १८००००० |
| **जम्मा** | **१०१०००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **हात्तिपाईले रोग नियन्त्रणः** संघीय सरकारबाट प्राप्त बजेटबाट कार्यक्रम संचालन गर्दा तोकिएको शर्त पालना गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले हात्तीपाईले रोग नियन्त्रण गर्न आम औषधि सेवन कार्यक्रम संचालन गर्न सि.अ.न.मि. सिता सुब्बालाई रु.७१६०००/- भुक्तानी दिएकोमा देखिएको व्यहोरा निम्नानुसार छः | |
| ६१.१ | १२९ | २०७८-१-२६ | आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हात्तिपाईले रोग नियन्त्रण कार्यक्रमबापत सि.अ.न.मी सिता सुब्बालाई पेश्की फर्स्यौट गरी रु.७१६०००/- भुक्तानी दिएकोमा कार्यक्रम संचालनमा संलग्न जनशक्तिको पारिश्रमिक भुक्तानीमा कट्टा गरिएको पारिश्रमिक करबापत को रकम राजश्व दाखिला बेगर बढि भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु... | ४,११७ |
| ६१.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्नु अघि सो खर्च संग सम्बन्धित बिल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले हात्तिपाईले रोग नियन्त्रण गर्न औषधि सेवन कार्यक्रम संचालन अन्तर्गत ४५ स्वास्थ्यकर्मीहरुलाई प्रति गोटा रु.८५०/-को दरले झोला खरिद गरी वितरण गर्न रु.३८२५०/- भुक्तानी दिएकोमा ३८ थान झोला वितरणको प्रमाण श्रेस्तासाथ संलग्न रहेको पाईयो । बाँकी ७ थान झोला वितरणको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धित कार्यक्रम संचालकबाट असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु... | ५,९५० |
| ६२ | | | **अनुदान निकासा खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२.१ | | | **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न कामको नापजाँच गरी नापी कितावमा प्रमीत रकमको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । महेन्द्ररत्न मा.वि. भवन निर्माण कार्यको दोश्रो रनिङ विल भुक्तानी गर्दा फलामेडण्डी गणना Bar barding schedule बमोजिम 34882.51 के.जी. हुनेमा रनिङ विलमा 36019.08 के.जी. गणना गरी रु.3241716.62 भुक्तानी गरेकोले वास्तविक खपत परिमाण भन्दा बढी भुक्तानी गरेको रु.102291.30 र मू.अ.कर समेतको जम्मा हुने रु.115589.16 असुल हुनुपर्दछ रु.115589/-<br>**एकै विद्यालयमा थप अनुदानः** संघीय शर्शत अनुदानबाट संचालन हुने योजना तथा कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत योजना बहुवर्षीयमा छनौट भई स्रोत सुनिश्चित भएका मात्र बहुवर्षीय खरिद सम्झौता कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महेन्द्ररत्न मा.वि. भवन निर्माण कार्य गर्न २०७६।८।२४ मा रु.16568877/- मा ठेक्का सम्झौता गरी २०७८।३।१० सम्मको अवधि रहेकोमा यो वर्ष सम्म कार्य सम्पन्न भएको पाइएन । बाँकी कामको भुक्तानी समेतको श्रोत सुनिश्चि नभएको यस ठेक्कामा यस वर्ष सम्म रु.14531252/- भुक्तानी भएको छ । सोही विद्यालयमा यो वर्ष संघीय विशेष अनुदानबाट सभाहल निर्माण समेतको कामको रु.16568887/- मा बन्दोवस्त गरी २०७८ असार मसान्त सम्मको अवधि राखी सम्झौता गरेकोमा काम सम्पन्न भएको पाइएन । यो वर्ष सम्म निर्माण व्यवसायीहरुलाई रु.1370503/- पेश्की दिएको छ । सोही विद्यालयमा पालिकाले क्रमागत योजनामा रकम विनियोजन गरी ल्याव भवन निर्माण कर्यमा रु.1449729/- खर्च गरेको छ । एकै विद्यालयमा संघ तथा पालिका दुवै तर्फबाट बजेट विनियोजन गरी खर्च गरेकोमा संघीय तर्फका योजनाका लागि बाँकी कामको श्रोत सुनिश्चित देखिएन । उक्त विद्यालयका कार्यक्रम बहुवर्षीय योजनामा स्वीकृत भएको प्रमाण पेश भएन । श्रोत सुनिश्चित भएपछि मात्र बहुवर्षीय ठेक्का संचालन गर्नुपर्दछ । | १११५,५८९ |
| ६२.२ | | | **अनुदान कार्यक्रम संचालन स्थितिः** वित्तीय हस्तान्तरण अन्तर्गत कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत कार्यविधि र नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कष्टम हायरिङ सेवा केन्द्र स्थापना कार्यक्रमबाट इन्द्रेणी कृषक समुहलाई १ थान ट्राक्टर सहित अन्य कृषि उपकरण (यन्त्र) उपलब्ध गराई रु.1017500/- खर्च गरेको छ । कार्यक्रम संचालन निर्देशिका बमोजिम कष्टम हायरिङ सेवा केन्द्र स्थापना गर्दा छनौट हुने संस्था प्रचलित कानून बमोजिम दर्ता भई व्यवसायी कारोवार योग्य रहेको, जग्गा र घरको व्यवस्था भएको, हायरिङ सेवाको मूल्य/ भाडा कम्तिमा २० प्रतिशत कम हुनुपर्ने साथै यस्तो कार्यमा सम्बद्ध संस्था वा सहकारी, कृषक समुहले विगत देखि सेन्टरमा रहेको कृषि यन्त्र नपुग भई थप गर्न माग गरे नगरेको समेत यकिन गर्नुपर्ने गरी तोकिएको छ । पालिकाले इन्द्रेणी समुहलाई ट्राक्टर सहित ७ प्रकारका कृषि औजार खरिद गरी उपलब्ध गराउदा क्याटलग विधिबाट मेशिन खरिद कार्य गर्ने सूचना प्रकाशित गरी टेक्टर र अन्य उपकरण समेतको छुट्टा छुट्टै दररेट माग गरी ४ वटा सप्लायर्सबाट पेश भएका दर मध्ये घटी दर पेश गर्ने कुवेर एण्ड सन्सबाट रु.585000/- मा अन्य उपकरण र पाथीभरा सप्लायर्सबाट टेक्टरको रु.1415000/- को मूल्यलाई छनौट गरी सो मूल्य मध्ये पालिकाले व्यहोर्ने रु.1017500/- सप्लायर्सलाई भुक्तानी गरेको छ । इन्द्रेणी कृषक समुह पशुपालन र विक्रि गर्ने उद्धेश्यले दर्ता भएको समुहसँग विगतमा कष्टम हायरिङ अन्तर्गतका कृषि औजारको विवरण पेश नभएको, घर जग्गा व्यवस्था नभएको भाडाको दर २० प्रतिशत घटी हुने गरी दररेट तुलना पेश नभएको, टेक्टर र उपकरण विक्रेतालाई संस्थाले व्यहोर्नुपर्ने बाँकी रकम बुझाएको प्रमाण समावेश नभएकोले कार्यक्रम स्वीकृत नर्म्स र आधारमा संचालन गरी खर्च गरिएको मान्ने आधार देखिएन रु.1017500/- | १,०१७,५०० |
| ६३ | | | **उपभोक्ता समितिको काम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.१ | | | **उपभोक्ता समितिले व्यहोर्ने लागतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी गर्ने गरी स्वीकृत भएका लागत अनुमानमा कन्टिन्जेन्सी रकम बाहेकको रकम आधारमा उपभोक्ता समितिले गर्नुपर्ने श्रमदान खुलाई सम्झौता गर्नुपर्नेमा कार्यालयले कन्टिन्जेन्सी सहितको रकमको लागत अनुमान स्वीकृत गरी सोको आधारमा उपभोक्ताको अंश कायम गरी सम्झौता गर्ने र सोही आधारमा कामको नापजाँच र विल तयार गरी भुक्तानी गर्ने गरेकोले वास्तविक रुपमा उपभोक्ता समितिले व्यहोर्ने अंश पुरा नभई बढी रकम भुक्तानी हुने अवस्थाको आधारमा सम्झौता हुने गरेकोले यस्तो सम्झौताको पुनरावलोकन गरी मात्र उपभोक्त समिति मार्फत काम गराउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३.२</td><td></td><td></td><td> समितिको कामको स्थितिः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफै गर्नुपर्ने कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गरी गराएका विभिन्न निर्मण कार्यहरु उपभोक्ता समितिले मालसामान खरिदको विल भरपाई सहित पेश गरेको भएतापनि विल विजकमा खरिदको परिमाण नखुलेको, दर उल्लेख नभएको एकमुष्ठ निर्माण सामाग्रीको नाम उल्लेख गरी निर्माण व्यावासायीको विजकबाट खरिद गरेको आधारमा उपभोक्ता समितिले काम गरेको नापजाँच गरी भुक्तानी गर्ने गरेको समितिले निर्माण व्यवसायीलाई जिम्मा दिई भुक्तानी गरेको व्यहोरा आ.ले.प. प्रतिवेदनमा उल्लेख भएकोमा सो को व्यहोरा नियमित गरी पेश गरेको छैन । यो वर्ष एकमुष्ठ कामको विल पेश भएको आधारमा उपभोक्ता सकितिलाई भुक्तानी गरेको विवरण निम्नानुसार छ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>वडा नं.</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>20/2077/7/3</td><td>1</td><td>वायो मर्मत</td><td>393242</td></tr>
<tr><td>68/2077/11/6</td><td></td><td>गंगाराम सुवेदी घर देखि सुरेन्द्र रामको घर सम्म बाटो ग्राभेल कार्य हिजाव कन्ट्रक्सनबाट ग्राभेल खरिद परिमाण नखुलेको</td><td></td></tr>
<tr><td>90/2077/12/1</td><td></td><td>गडुमारी चोकबाट पश्चिम जाने बाँटो ग्राभेलमा हिजाव कन्ट्रक्सनबाट ग्राभेल खरिद परीक्षण नखुलेको</td><td>150000</td></tr>
<tr><td>170</td><td></td><td>पाडजुभी चौक-अम्विका सडकमा लक्की कन्ट्रक्सन विल्डर्सबाट ग्राभेल खरिद</td><td>392219</td></tr>
<tr><td>101</td><td></td><td>आनन्देश्वर मन्दिर-गंगा धिमाल घर बाटोमा हिजाव कन्ट्रक्सनबाट ग्राभेल खरिद</td><td>100000</td></tr>
<tr><td>124</td><td></td><td>खानेपानी-अदित्य टोल-कृष्ण खतिवडा घर बाटो स्तरोन्ती उपभोक्ता समितिले विज्ञान कन्ट्रक्सन प्रा.लि.लाई कामको</td><td>994142</td></tr>
<tr><td>128</td><td></td><td>शुक्रवारेबाट-कृष्णे खोला-जानेबाटो उ.स.ले जगतमाता निर्माण सेवालाई कामको जिम्मा दिई एकमुष्ठ रकम भुक्तानी गरेको</td><td>500000</td></tr>
</table>
उपरोक्तानुसार उपभोक्ता समितिहरुले निर्माण व्यवसायीलाई कामको जिम्मा दिई एकमुष्ठ रकम भुक्तानी गरेको व्यहोरा उल्लेख गरी आन्तरिक लेखापरीक्षणबाट औल्याएकोमा उक्त वेरुजु सम्बन्धमा नियमित भै नआएको रु.1494142/- </td><td>१,४९४,१४२</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>ढिला दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ मा आफ्नो जिम्मामा आएको सरकारी रकम सोही दिन वा सोको भोलिपल्ट बैंक दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सफ्टवेयर मार्फत वडाहरुमा तथा केन्द्रमा संकलन गरेको राजस्व रकम तोकिएको अवधि भित्र दाखिला नगरी मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिएको छ । नमूना परिक्षणबाट संकलन गरेको रकम बैंक दाखिला गर्दा निम्नानुसार गरेको देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा/केन्द्र | संकलन अवधि | दाखिला अवधि | रकम | | |
| | | | | गाउँपालिका केन्द्र | २०७८।१।१ देखि २०७८।२।२६ सम्म | २०७८।३।१७ | १९९९७९६ | | |
| | | | | | २०७७।११।२१ देखि २०७७।१२।८ सम्म | २०७८।१।१६ | २१४००० | | |
| | | | | | | २०७८।१।१९ | १४३११ | | |
| | | | | वडा नं.२ | २०७७ मंसिर | २०७७।८।१६ | ६११६६ | | |
| | | | | | | २०७७।९।१ | ८११०२ | | |
| | | | | वडा नं.४ | २०७७ मंसिर | २०७७।९।७ | १४८९६० | | |
| | | | | वडा नं.५ | २०७७ मंसिर | २०७७।८।१६ | ६७८०६ | | |
| | | | | | | २०७७।९।१ | १००९२९ | | |
| | | | | वडा नं.१ | २०७७ श्रावण | २०७७।६।२ | २११५६० | | |
| | | | | वडा नं.६ | २०७७ श्रावण | २०७७।५।२५ | २५२९१३ | | |
| | | | | वडा नं.३ | २०७७ श्रावण | २०७७।५।३१ | ६०९०५ | | |
| | | | | | | २०७७।५।२२ | १००००० | | |
| | | | | | | २०७७।४।२० | १००००० | | |
| | | | उपरोक्त अनुसारको विवरणबाट कार्यालयमा जम्मा हुन आएको राजस्व रकम सोही दिन वा सोको भोलिपल्ट बैंक दाखिला नगरी महिनाको अन्त्यमा वा पछिल्लो महिनामा मात्र रकम बैंक दाखिला गर्ने गरेको अवस्था देखिएकोले यस सम्बन्धमा उक्त ऐनमा भएको व्यवस्था बमोजिम ढिला गरेको दाखिला यकिन गरी पालिकाबाटै थप जरिवाना लिई कानून बमोजिम तोकिएको अवधिमा रकम जम्मा नगर्ने कर्मचारीलाई ऐनको व्यवस्था अनुसार कारबाही समेत गरी सबै राजस्व रकम तोकिएको अवधिमा बैंक जम्मा हुने व्यवस्था गर्नुपर्दछ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.२ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-९ मा गाउँपालिकाको वित्तीय अधिकारी सम्बन्धी व्यवस्था रहेको छ । ऐनको दफा ६२(क) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिटि, वालुवा दहत्तर बहत्तर आदीको विक्रि गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार पालिकाले २०७७।७८ मा रतुवा खोला तर्फ दमक नगरपालिकासँग संयुक्त ठेक्का लगाएको र कमल खोला लगायत अन्य खोलाहरु कुनै पनि ठेक्का नलगाएको जानकारी दिएको छ । यो वर्ष पूर्वाधार सेवा शुल्क वापत संकलन गर्न ५ सडक खण्डमा ठेक्कापट्टाबाट रकम असुल गर्न ५ निर्माण व्यवसायी छनौट गरेकोमा पाडाजुंगी झर्का वालुबथान सडक निर्माण क्रममा रहेकोले सम्झौता हुन नसकेको उल्लेख गरेको छ । दमक नगरपालिकासँग संयुक्त ठेक्का हुनु अगाडी (२०७७।११।१९) रतुवा खोलामा अमानतबाट संकलन गरिएको राजस्व सो सम्बन्धी प्रयोग गरिएका रसिद तथा रकमको विवरण पेश भएन । कमल खोलामा कुनै ठेक्का नलागेको उल्लेख गरेकोमा शिवसताक्षी नगरपालिकाको लेखापरीक्षणको क्रममा उक्त पालिकाले खोला ठेक्का लगाएको मध्ये कमल खोला ठेक्काका व्यवसायीले कमल गाउँपालिकाले कमल खोला आफ्नो क्षेत्रमा रहेको उल्लेख गरी ढुंगा गिटी बालुवा संकलन गर्न नदिएको समेतको व्यहोरा पालिकालाई दिएको देखियो । | |
| ६५ | ४५० | २०७८-१-८ | **व्यवसाय प्रवर्द्धन घुम्ती कोष**<br>पालिकाले व्यवसाय प्रवर्द्धन घुम्ती कोष सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरि व्यवसाय प्रवर्द्धन घुम्ती कोष सञ्चालक समितिको ०७७।१२।२५ को निर्णय अनुसार २१ वटा कृषक फर्म तथा उद्योगहरुलाई कार्यक्रम सञ्चालन गर्न छनौट गरेको पाइयो । पालिकाले उक्त छनौट भएका कृषि फर्म तथा उद्योगहरुलाई तरकारी खेती, च्याउ खेती, कागती खेती, मौरीपालन लगायतका व्यवसाय प्रवर्द्धन गर्न १० प्रतिशतका दरले ब्याजमा रु. ५००००/- देखि रु. १५००००/- सम्म बिँउपुँजी लगानी सशर्त सहित देहायका ७ वटा सहकारी समुह मार्फत उपलब्ध गराउने निर्णय गरी सहकारीहरुलाई कुल रु. १९०००००/- निकासा गरेको छ । यसरी निकासा भएको रकमबाट छनौट भएका कृषक समुहहरुलाई ऋण लगानी गरेको प्रमाण कागजात लेखापरीक्षणको क्रममा पेशहुन आएन । पालिकाले लगानी गरेको रकम तोकिएको प्रयोजनमा भए नभएको प्रमाण पेश गर्नु पर्ने र तोकिएको प्रयोजनमा खर्च नभएमा फिर्ता गर्नुपर्ने रु. | १,९००,००० |

| छनौट कृषक समुहको नाम | कार्यक्रम | सहकारी संस्थाको नाम | निकासा रकम |
|---|---|---|---|
| काफ्ले कृषि फर्म | तरकारी खेती | लखनपुर साना किसान कृषि सहकारी संस्था लि. | ५०००० |
| वाट्टुला च्याउ फर्म | च्याउ खेती | लखनपुर साना किसान कृषि सहकारी संस्था लि. | १५०००० |
| डी एण्ड डी मौरीपालन उद्योग | मौरीपालन | लखनपुर साना किसान कृषि सहकारी संस्था लि. | १००००० |
| सिम्ले च्याउ उद्योग | च्याउ खेती | लखनपुर साना किसान कृषि सहकारी संस्था लि. | १५०००० |
| भट्टराई कृषि फर्म | तरकारी खेती | लखनपुर साना किसान कृषि सहकारी संस्था लि. | ५०००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | झलक च्याउ फर्म | च्याउ खेती | सुम्नीमा कृषि सहकारी संस्था लि. | १००००० | | |
| | | | | राई मौरीपालन कृषि फर्म | मौरीपालन | शुभदर्शन कृषि सहकारी संस्था लि. | १००००० | | |
| | | | | कविता च्याउ खेती | च्याउ खेती | हाम्रो हितकारी कृषि सहकारी संस्था लि. | ५०००० | | |
| | | | | प्रेम कृषि फर्म | तरकारी खेती | लगनशिल कृषि सहकारी संस्था लि. | १००००० | | |
| | | | | टी आर टी कृषि फर्म | कागती खेती | नेपाल दुग्ध उत्पादक सहकारी संस्था लि. | ५०००० | | |
| | | | | समृद्धि कृषि फर्म | कागती खेती | नेपाल दुग्ध उत्पादक सहकारी संस्था लि. | १००००० | | |
| | | | | कुलुङ्ग च्याउ उद्योग | च्याउ खेती | नेपाल दुग्ध उत्पादक सहकारी संस्था लि. | १५०००० | | |
| | | | | राधा कृष्ण कृषि फर्म | कागती खेती | नेपाल दुग्ध उत्पादक सहकारी संस्था लि. | १००००० | | |
| | | | | मनिकर लिम्बु | तरकारी खेती | नेपाल दुग्ध उत्पादक सहकारी संस्था लि. | १००००० | | |
| | | | | तरकारी खेती कृषि फर्म | तरकारी खेती | श्री लेक बेशी कृषि सहकारी संस्था लि. | ५०००० | | |
| | | | | पाथीभरा बहुउद्देश्यीय कृषि फर्म | तरकारी खेती | श्री लेक बेशी कृषि सहकारी संस्था लि. | १००००० | | |
| | | | | प्राश्ना बहुउद्देश्यीय कृषि फर्म | तरकारी खेती | श्री लेक बेशी कृषि सहकारी संस्था लि. | १००००० | | |
| | | | | प्राथना अर्गानीक कृषि फर्म | तरकारी खेती | श्री लेक बेशी कृषि सहकारी संस्था लि. | ५०००० | | |
| | | | | दिम्माली कृषि फर्म | तरकारी खेती | श्री लेक बेशी कृषि सहकारी संस्था लि. | १००००० | | |
| | | | | डाँडा गाउँ च्याउ उद्योग | च्याउ खेती | श्री लेक बेशी कृषि सहकारी संस्था लि. | ५०००० | | |
| | | | | मौसम च्याउ उद्योग | च्याउ खेती | श्री लेक बेशी कृषि सहकारी संस्था लि. | १००००० | | |
| | | | | | | जम्मा | १९०००००  | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | विभिन्न | | **शिक्षा क्षेत्र व्यवस्थापन खर्च**<br>पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुको व्यवस्थापन खर्च, शिक्षकहरुको तलब भत्ता, विद्यालय कर्मचारीहरुको तथा बाल कक्षा शिक्षकहरुको तलब भत्ता लगायतका खर्च संघीय सरकारबाट हस्तान्तरित शर्शत कार्यक्रम मार्फत तोकिएको रकम अनुदान स्वरुप निरन्तर निकाशा भई रहेको अवस्था छ । त्यस अतिरिक्त पालिकाले समानिकरण अनुदान समेत समावेश गाउँपालिका चालु खर्च शिर्षकबाट निम्न विवरण अनुसार विद्यालय कर्मचारी तथा बाल कक्षा शिक्षकहरुको प्रोत्साहन बापत रु. १४८८०००/-, शिक्षक व्यवस्थापन अनुदान रकम बापत रु. ३६९६०००/-, मदन आश्रित स्मृति बहुमुखी क्याम्पसलाई शिक्षक व्यवस्थापन गर्न रु. ४६१५३२/- समेत कुल रु. ५६४५५३२/- विद्यालयहरुलाई निकासा दिएको देखियो । यसरी राजस्व बाँडफाँड तथा समानिकरण अनुदान बापत प्राप्त रकम वितरणमुखी कार्यक्रम तथा चालु खर्च गर्नु परेपछि पुँजिगत प्रकृतिका योजना सञ्चालनमा बढोत्तरी हुन नसक्नु स्वभाविक हुन जान्छ । शर्शत कार्यक्रम अन्तर्गत निकासा हुने रकमहरु सँग दोहोरो हुने गरी खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको रु. | ५,६४५,५३२ |
| ६७ | ५६८ | २०७८-३-१५ | **निशुल्क छात्रवृत्ति वितरण**<br>कमल गाउँपालिका अन्तर्गतका प्राविधिक धार सञ्चालन हुने विद्यालयहरु महेन्द्र रत्न मा. वि. र सरस्वती मा.वि. मा अध्यनरत कमल गाउँपालिका भित्रका विद्यार्थीहरु क्रमशः २७ जना र २९ जनालाई जनही रु. ८९२८/- का दरले कुल रु. ४९९९६८/- पालिकाले यस वर्ष छात्रवृत्ति बापत खर्च गरेको छ । यसरी उपलब्ध गराएको छात्रवृत्ति रकमको समुचित उपयोग भए नभएको सम्बन्धी पालिकाले अनुगमन गरेको पाइएन । उपलब्ध गराएको छात्रवृत्ति रकमबाट प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक सुधारको प्रगति तथा मुल्याङ्कन सम्बन्धी पालिकाले कुनै मापदण्ड बनाएको पाइएन । प्रत्येक वर्ष यस प्रकृतिका वितरणमुखी कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धीता तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन । पालिकाको आन्तरिक आय न्यून भएको अवस्थामा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने र यसरी उपलब्ध गराएको रकमले विद्यार्थीहरुको शैक्षिक सुधारको अवस्थाको अनुगमन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ । साथै उक्त रकम विद्यालय खातामा निकासा भएकोमा सरस्वती मा.वि. मा अध्ययनरत विद्यार्थीहरुलाई वितरण भएको प्रमाण लेखापरीक्षणमा पेश हुन आएन । तसर्थ विद्यालयलाई निकासा भएको रकम सम्बन्धित विद्यार्थीले बुझेको प्रमाण पेश हुनुपर्ने रु. | २५८,९१२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>खर्चको पुष्ट्याई<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा सो खर्च सँग सम्बन्धित विल भरपाई प्राप्त भए नभएको, भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । साथै कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.र मिति</th><th>खर्चको विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>६६८।०७८।३।२५</td><td>सोइल ल्याब टेस्ट रिएजेन्ट ५ सेट खरिद</td><td>२८७५००</td><td>१ सेट मात्र जिन्सीमा दाखिला भएको</td></tr>
<tr><td>६७७।०७८।३।२६</td><td>४० सेट रेनकोट तथा ब्याग खरिद</td><td>१९८०००</td><td>वितरण भरपाई संलग्न नरहेको</td></tr>
<tr><td>६९५।०७८।३।२७</td><td>व्हिल चेयर ५, इयरफोन ७, वैशाखी २, लगायतका सामग्री खरिद</td><td></td><td>वितरण भरपाई संलग्न नरहेको</td></tr>
<tr><td>५३९।०७८।३।२</td><td>६९८ पिस स्वेटर खरिद</td><td></td><td>वितरण भरपाई संलग्न नरहेको</td></tr>
<tr><td>७०१।०७८।३।२८</td><td>अंग्रेजीमाध्यमको किताब १०३६ सेट खरिद</td><td>४९९७७४</td><td>वितरण भरपाई संलग्न नरहेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९८५२७२</td><td></td></tr>
</table></td><td>९८५,२७४</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण व्यहोरा<br>रकम भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(8) बमोजिम पच्चिस हजार भन्दा बढीको रकम भुकतानी गर्दा एकाउण्ट पेशकी चेक मार्फत सम्बन्धित पार्टिलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले नमूना युवा संसद कार्यक्रमको रकम भुक्तानी गर्दा सम्बन्धित पक्षलाई भुक्तानी गर्नुपर्नेमा विभिन्न फर्महरुलाई भुक्तानी गरेको र सुनिल टेष्टको भुक्तानीमा अग्रिमकर कट्टी नगरेको रु.1000/-<br>कार्यक्रमको अनुगमनः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख)(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी प्रतिवेदन पेश गर्ने कार्य उपाध्यक्षको हुने व्यवस्था छ । कार्यालयले प्रधानमन्त्री रोजगार योजना कार्यक्रमको अनुगमन उल्लेख गरी उपाध्यक्ष बाहेकमा व्यक्ति समेतलाई अनुगमन भत्ता वापत रु.30600/- भुक्तानी दिई खर्च गरेको छ । योजना कार्यक्रमको अनुगमन गर्ने कार्य तोकिएका व्यक्तिबाट गराई खर्चमा मितव्ययीता ल्याउनुपर्दछ ।</td><td>१,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **विपद व्यवस्थापनबाट खर्च**<br>**अन्य निकायलाई सहयोगः** पालिकाले विपद व्यवस्थापन कोषबाट सिन्धुपाल्चोक जिल्लाको मेलम्ची र हेलम्बु गाउँपालिकाका बाढी पिडितहरुको सहयोगार्थ प्रति गाउँपालिका रु.100000/- का दरले कार्यपालिकाको निर्णयको आधारमा नगद सहायता भुक्तानी पठाएको पाइयो । विपद कोषबाट रकम खर्च गरिएको मध्ये मेलम्ची गाउँपालिकाले २०७८।४।८ मा रकम प्राप्तिको जानकारी दिएको भएतापनि हेलम्बु गाउँपालिकाको रकम प्राप्तिको विवरण पेश भएन । गाउँ सभाबाट पारित २०७७।७८ को विनियोजन बजेटमा सहायता सम्बन्धी रकम व्यवस्था नभएकोमा उक्त खर्चलाई पछिल्लो गाउँसभाबाट अनुमोदन गरेको नपाइएको रु.200000/- | २००,००० |
| ७१ | | | **परामर्श सेवा** | |
| ७१.१ | | | **परामर्श सेवा खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले विपद व्यवस्थापन सम्बन्धी योजना तयार गर्ने कार्य परामर्श सेवा गर्ने २०७८।१।१९ मा कार्यक्षेत्र प्रस्ताव स्वीकृत गरी २ महिना भित्र प्रतिवेदन पेश गर्ने RFP मार्फत सम्झौता गरी इन्टेन्टसिभ स्टडी एण्ड रिसर्च प्रा.लि.बाट कार्य गराई रु.483922/- खर्च गरेको पाइयो । पालिकाको विपद व्यवस्थापन सम्बन्धीको वार्षीक योजना तयारी गर्ने कार्य बाह्य परामर्शदाताबाट गराई खर्च गर्नाले खरिद नियमावली २०६४ को व्यवस्था र विपद व्यवस्थापन ऐन अनुकुन भएको मान्ने आधार देखिएन । कार्यालयले तयार गरी संचालन गर्ने योजना सम्बन्धी काममा बाह्य परामर्शदाताबाट गराई भुक्तानी गरेको अनियमित खर्च रु.483922/- | ४८३,९२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१.२ | | | **परामर्श सेवा खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था भएतापनि कार्यालयले परामर्शसेवा खरिद गर्नुअघि उक्त कार्य जनशक्तिबाट हुन सक्ने नसक्ने निर्णय गरेको पाइएन । यो वर्ष ९ वटा विभिन्न कार्यको लागि परामर्श सेवाबाट खरिद कार्य गरी रु.७९२७२३०/- खर्च गरको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्शसेवाको लागत अनुमान तयार गर्ने व्यवस्था गरिएकोमा कार्यालयले यो खरिद कार्यको लागत अनुमान तयार गरी स्वीकृत गर्दा विज्ञहरुको पारिश्रमिकको आधार तथा अन्य खर्च समावेश गर्दा सोही प्रकृतिका काममा अघिल्ला वर्षहरुमा लागेको वास्तविक लागतको आधारबाट गरेको पाइएन । कृषि गुरुयोजना सम्बन्धी परामर्श सेवाको कार्यमा रु.९९४४००/- खर्च गरेकोमा कृषि विज्ञहरुको पारिश्रमिक तथा गाउँपालिकाको जग्गा उपयोग सम्बन्धि प्रतिवेदन तयार कार्य परामर्शसेवाबाट गराई रु.१४९७५१५/- खर्च गरेकोमा उक्त दुवै लागत अनुमानमा विज्ञहरुको पारिश्रमिक र अन्य सहायकहरुको पारिश्रमिकको आधार समेत यथार्थ रुपमा लिएको पाइएन । परामर्श सेवाको लागत अनुमान तयार गरी खर्च गर्दा तोकिएको आधारबाट मात्र गर्नुपर्दछ । मंगलबारे हाट बजारको डि.पि.आर. गर्ने कार्यको रामकृष्ण कन्सल्टेन्टबाट कार्य गराउने सम्झौता गरी रु.१४७६००/- भुक्तानी गरेकोमा उक्त परामर्शदाताले कामको फाइनल रिपोर्ट पेश नगरी भुक्तानी गरेकोले सोको फाइनल रिपोर्ट पेश हुनुपर्ने रु. १४७६००/-<br><br>• गा.पा.को जग्गा उपयोग सम्बन्धी अध्ययन गर्ने परामर्शदातासँग २०७८।२।३० मा सम्झौता गरी ६० कार्य दिन तोकिएकोमा उक्त कामको ड्राफ्ट रिपोर्ट पेश गरेको कार्यालयले प्रतिकृया दिई फाइनल रिपोर्ट पेश नभएको रु.१४९७८१५/- | १,६४५,४१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **खरिद कार्यको अवस्था**<br>**खरिद प्याकेज तयारीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कारवाहीको तयारी गर्दाखरिद आवश्यकताकव पहिचान गर्ने, खरिदको आर्थिक श्रोत र रकमको पहिचान गर्ने, खरिद विधिको छनौट गर्ने लगायतको कार्य गर्नुपर्ने गरी तोकिएको छ । ठे.नं.18/2077/18 बाट कमल पोखरी विकास योजना सम्बन्धी कामको ठेक्का प्याकेज तयार गर्दा निर्माण सम्बन्धीको प्याकेजमा प्लाष्टिक कुर्सी १५८ वटा समेतको आइटम समावेश गरेकोमा भेरसिएसनबाट थप गरी ३०० वटा कुर्सी खरिद गरेको छ । कमलपोखरी निर्माण सम्बन्धी काम गत विगत देखि छुट्टा छुट्टै प्याकेजहरु तयार गर्दै खर्च हुने गरेको देखियो । श्रोतको सुनिश्चितता नै नभएको यो योजनामा पटक पटक एकै आइटमको कामहरुको लागत अनुमान टुक्राई ठेक्कापट्टा गर्ने र उपभोक्ता समितिबाट काम गराउदै खर्च गर्ने गरेको देखियो । पोखरी भित्र तथा आसपासको क्षेत्रमा निर्माण कार्य गराउदै खर्च गर्ने गरेकोमा एकै काममा दोहोरोपना भए नभएको यकिन हुने अवस्था देखिएन । गत विगत वर्षमा उपभोक्ता समितिबाट समेत काम गराई सामुदायिक भवन तथा सो भवनमा विभिन्न फर्निचर लगायतका सामान खरिद गरेकोमा यो वर्षका ठेक्का प्याकेजमा समेत मालसामान फर्निचर समेत ठेक्का प्याकेजमा राखेर भुक्तानी गर्ने गरेको छ। हालसम्म पोखरीको डि.पि.आर. बमोजिम काम पुरा पनि नभएको, निर्माण गरिएका भौतिक संरचना भवन तथा फर्निचरहरु समितिलाई बुझाएको समेत पाइएन । उपरोक्त अवस्थाले यो निर्माण कर्यमा भै रहेको ठेक्कापट्टा लगायतका काममा दोहोरोपना नभएको भन्ने स्पष्ट आधार नदेखिएको, सम्पन्न भएको कामको क्षेत्र र बाँकी काम नछुट्याएको, काममा भेरिएसन गरी थप भुक्तानी हुने गरेकोले सार्वजनिक खरिद नियमावलीका व्यवस्थाको पालना गरेर श्रोत सुनिश्चित गरेपछि मात्र बाँकी काम गराउनुपर्दछ ।<br>**कामको वीमाः** सार्वजनि खरिद नियमावली २०६४ को नियम १२३ मा दश लाख भन्दा बढीको निर्माण कार्य गराउन सम्झौता गर्ने निर्माण व्यवसायीले साइट हस्तान्तरण भएको मिति देखि कार्य सम्पन्न हुने अविध समेमको कामको वीमा गराई पेश गर्नुपर्ने व्यवस्था भएकोमा यो योजनाको काममा निर्माण व्यवसायीले कामको वीमा नगराई भुक्तानी गर्ने गरेको छ। नियमको पालन गर्नुपर्दछ ।<br>**गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा निर्माण कार्यमा प्रयोग गरिएको सामाग्रीको गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो निर्माण कार्यमा प्रयोग गरिएका निर्माण सामाग्रहीको गुणस्तर परीक्षण गराई टेष्ट रिपोर्ट लिएको पाइएन । | |
| ७३ | | | **निर्माण कार्यको खरिद अवस्था** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३.१</td><td></td><td></td><td>सामग्री खपत र भुक्तानीः सडकमा कालोपत्रे गर्ने कार्यको नापजाँच गरी भुक्तानी गर्नु अघि काम स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन गरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ठे.नं.20/2076/77 बाट ३ स्थानमा कालोपत्रे गराउने काम गर्न स्वीकृत भएको आइटममा अस्फाल्ट कंक्रिट र प्रिमिक्स कार्पेट दुवै प्रकारको कामको परिमाण राखी सम्झौता भएकोमा यो वर्ष कालोपत्रे कार्यमा प्रयोग गरिने Tackcoat को कार्य गराउदा प्रति व.मी. १ लि. का दरले गणना गरी भुक्तानी गरेको पाइयो । भौतिक पूर्वाधार मन्त्रालयले स्वीकृत गरी लागु भएकोमा निर्माण नर्म्स बमोजिम सडक विभाग अन्तर्गतका कालोपत्रे निर्माण कार्यमा Tackcoat को खपत परिमाण प्रति व.मी. 0.60 लि. मात्र रहेकोमा बढी परिमाणको भुक्तानी गर्नुअघि गुणस्तर परीक्षण Mix design (Tray Test) को प्रमाण समेत समावेश नगरी भुक्तानी गरेकोले स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार उक्त पुरै Tackcoat को खपत परिमाण पुष्टि नभएकोमा १०८०० लि. बढी भुक्तानी गरेको रु.1281420/- यकिन गरी असुल हुनुपर्दछ रु.1281420/-</td><td>१,२८१,४२०</td></tr>
<tr><td>७३.२</td><td></td><td></td><td>भेरिएसनः सार्वजनिक खरिद नियमावलीको नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था छ । कार्यालय अन्तर्गतको ढ्याङ्ग्री खोला पक्की पुल निर्माण कार्य गर्न ठे.नं. 8/2075/76 बाट रु.29414110/- मा सम्झौता भई चालु रहेको १५ महिना अवधिको ठेक्काको पटक पटक कार्यपालिकाबाट म्याद थप गरी २०७८।३।१५ मा अन्तिम विल तयार गरेको पाइयो । पूल निर्माण कार्यको २०७७।३।५ मा कार्यपालिकाबाट निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले १४.79 प्रतिशत भेरिएसन स्वीकृत गरी सम्झौता रु.33763866/- पुर्‍याएकोमा यो वर्ष कामको फाइनल सम्म रु.31898558/- मात्र कार्य गराई ठेक्का फाइनल गरेको छ । सो पुल निर्माण कार्यको शुरु लागत अनुमान र संशोधित लागत अनुमानको फाइल पेश भएन । भेरिएसन गर्न प्रस्तावमा पूलको डिजायन गर्ने परामर्शदातालाई २०७६।११।२१ मा पत्र पठाई परामर्शदाताले पेश गरेको DPR तथा डिजायनमा केही आइटम छुटाएको र निर्माण व्यवसायीलेक सो क्वान्टिटिको भुक्तानी माग गरेकोले DPR तयार गर्दा के कसरी उक्त आइटम छुट भएको हो ७ दिन भित्र स्पष्टिकरण पेश गर्न पत्राचार गरेको देखियो । शुरु BOQ मा रहेको डण्डीको परिमाण र भेरिएसनबाट थप भएको परिमाण तथा फाइनल सम्मको भुक्तानी परिमाण निम्नानुसार छ ।
<table>
<tr><th></th><th>वि.ओ.क्यू.</th><th>भेरिएसनबाट</th><th>फाइनल</th></tr>
<tr><td>फाउण्डेशनतर्फ</td><td>73.37 मे.टन</td><td>65.55</td><td>58.12</td></tr>
<tr><td>सुपरस्ट्रक्चरतर्फ</td><td>15.78 मे.टन</td><td>15.78</td><td>18.59</td></tr>
</table>
शुरु खरिद सम्झौतामा भेरिएसनबाट थप गरिएकोमा बाँकी रु.1865308/- बराबरको काम नगराई ठेक्का फाइनल गर्नु अघि खरिद सम्झौताको पुन भेरिएसन स्वीकृती वेगर भुक्तानी गरी फाइनल गरेकोले परामर्शदाताले पुलको डिजायन र डण्डीको क्वान्टिटिमा पुन यकिन गरे नगरेको र संशोधित डिजायन अनुसार नै काम गराई फाइनल गरे नगरेको यकिन गर्न नसकिएको अनियमित रु. 1865308/-</td><td>१,८६५,३०८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.३ | | | **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा सम्झौतामा शर्तको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ठे.नं.20/2076/77 को निर्माण व्यवसायी खरिढुंगा-सफल जे.भी.लाई भौ.नं.34/2078/3/17 बाट विल भुक्तानी गर्दा मूल्य समायोजन समेत थप गरी भुक्तानी गरेको छ । विशेष शर्तमा ३० प्रतिशतको विल पेश भएपछि ४० प्रतिशतका दरबाट पेश्की कट्टा गर्नुपर्ने व्यवस्था छ । मूल्य समायोजन गणना गर्दा सम्बन्धित विलबाट कट्टा गरिएको पेश्की रकम घटाएर मात्र गणना गरिने शर्त रहेकोमा तेश्रो रनिङ विलबाट रु.6000000/- पेश्की कट्टा गरेकोमा उक्त विलको मूल्य समायोजन गणना गर्दा सो रकम नघटाई मूल्य समायोजन गणना गरेकोले भुक्तानी इन्डेक्सको दरबाट बढी भुक्तानी दिएको रु.295000/- तथा सोमा थप मू.अ.कर रु.38350/- समेत रु.333350/- असुल हुनुपर्दछ रु.333350/-<br><br>• कार्यालयले सोही ठेक्काका निर्माण व्यवसायीलाई प्रोभिजनल सम तर्फको जनरल आइटममा एकमुष्ट दरबाट भुक्तानी गरेको वीमा वापतको भुक्तानी रकम रु.1200000/- मा समेत मूल्य समायोजन थप भुक्तानी गरिएकोले नपाउने मूल्य समायोजनको रकम असुल हुनुपर्ने रु.47460/- | ३८०,८१० |
| ७३.४ | | | **पुल संचालन स्थितिः** यो वर्ष फाइनल विल स्वीकृत गरी हालसम्म रु.31898558/- भुक्तानी गरिएको ढ्याङ्गी खोला पक्की पुल एप्रोच सडक तयार नभएको कारण संचालनमा नआएको साथै ठेक्का फाइनल गरी त्रुटी सच्चाउने अवधिमा रहेकोमा एक्स्पान्सन जोइन्टको कार्य नगराएकोले स्वीकृत ड्रइङ डिजायन र स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम कार्य पुरा भएको आधार मान्न सकिएन ।<br>**कामको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम निर्माण कार्य गराई भुक्तानी गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा निर्माण सामग्रीको गुणस्तर परीक्षण समेत राएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।यो पूल निर्माण कार्यको फाइनल विलबाट ग्याविन जालीमा ढुंगा भर्ने काम गराई रु.1815000/- भुक्तानी गरेकोमा ग्याविनजाली हेभी जिङ्क कोटेड हुने गरी स्पेसिफिकेशन तोकेकोमा जालीको गुणस्तर परीक्षण प्रमाण समावेश नगरी भुक्तानी गरेको छ । स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन पुरा गरेर मात्र भुक्तानी गर्नुपर्दछ ।<br>**कामको वीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले साइट हस्तान्तरण पाएको मिति देखि कार्यसम्पन्न गरिने अवधि सम्मको सबै प्रकारको क्षति व्यहोर्ने गरी कामको वीमा गराएर मात्र कार्य गर्नुपर्नेमा ढ्याङ्गी खोलामा रु.31898558/- खर्च गरी पुल निर्माण कार्य गर्ने निर्माण व्यवसायीबाट गराएकोमा कामको वीमा नगरेको देखियो । नियममा भएको व्यवस्थाको पालना गरेर मात्र भुक्तानी गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.५ | | | **श्रोत सुनिश्चितताः** संघीय हस्तान्तरीत कार्यक्रमबाट बहुवर्षीय ठेक्का संचालन गर्नुअघि श्रोत सुनिश्चित रहे नरहेको योजना बहुवर्षीयमा स्वीकृत भएको समेत यकिन गर्नुपर्नुपर्ने व्यवस्था छ । कार्यालय मातहत संचालित तोपगाछी खानेपानी योजनामा रु.98411240/- बराबरको कार्य गर्ने गरी २०७७।१।२९ मा सम्झौता भई २०७९।६।१२ सम्मको कार्यअवधि रहेकोमा योजनालाई विशेष अनुदानबाट संचालन हुने गरी कार्य संचालन गर्दै आएको पाइयो । योजना बहुवर्षीय समावेश भई स्वीकृत भएको विवरण पेश भएन ।<br>**योजनाको संचालन स्थितिः** स्थानीय सरकार संचानल ऐन २०७४ को दफा २४(३)(७) मा नेपाल सरकारले विशेष कार्यक्रम प्रदान गरी सो कार्यान्वयन प्रकृया निर्धारण गरेकोमा गाउँपालिकाले सोही बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ । कार्यालयन अन्तर्गत संचालित तोपगाछी खानेपानी योजनामा संघीय विशेष अनुदानबाट विभिन्न निर्माण र विस्तारको कार्य गराउदै खर्च शुरु भैसकेकोमा योजना निर्माण पश्चातको संचालन मर्मत संभार तथा सेवाशुल्क नियोग र असुली समेतको संचालन कार्यविधि सहित खानेपानी उपभोक्ता समितिसँग सम्झौता भएको पाइएन । नेपाल सरकारले नै पालिका मार्फत थप लगानी गरी खर्च भै रहेको उक्त योजनाको निर्माण पछिको संचालन सम्बन्धमा समेत यकिन गर्नुपर्दछ । | |
| ७३.६ | | | **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यवसायीसँग सम्झौता गर्दा कामको त्रुटि सच्चाउने अवधि भन्दा १ महिना बढी अवधिको कार्य सम्पादन जमानत लिई सम्झौता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ठे.नं.20/2076/77 का निर्माण व्यवसायीसँग सम्झौता गर्दा पेश गरेको रु.12920000/- को कार्य सम्पादन जमानतको अवधि त्रुटी सच्याउने अवधि भन्दा घटी अवधि (२०७८ आषाढ सम्म) को मात्र रहेकोले सम्झौताको शर्त अनुसारको अवधि समेटिएको कार्य सम्पादन जमानत लिएर मात्र बाँकी रकम भुक्तानी गर्नुपर्दछ । | |
| ७४ | | | **निर्माण स्थल र खरिद सम्झौता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४.१ | | | **निर्माण स्थल अनिश्चितः** आधारभुत अस्पताल निर्माण गर्ने स्थल साविकको स्वास्थ्य चौकी रहेको स्थान हुने वा हाल गाउँपालिका भवन रहेको स्थानमा गर्ने सम्बन्धमा विवाद भै सम्मानीत सर्वोच्च अदालतमा मुद्दा परेको र अदालतको २०७७।११।२६ को आदेशबाट स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड भित्र पर्ने गरी हाल प्रयोगमा रहेको भवनलाई समेत उपयोग गर्न मिल्ने नमिल्ने सम्बन्धमा स्थानीय सरोकारवाला तथा मन्त्रालयसँग परामर्श गरी प्राप्त हुने सुझाव अनुसार अस्पताल निर्माणका सम्बन्धमा पुनः निर्णय गरी कार्य अगाडी बढाउनु भन्ने पालिकाको नाममा परमादेश जारी भएको पाइयो । निर्माण स्थल विवादित भई योजना संचालन हुने नहुने निश्चित नगरी डी.पी.आर.मा खर्च गरेको, अदालतको आदेश पछिको अवधिमा ठेक्कापट्टाको कार्य (२०७८।१।५ मा आशय सूचना दिएको) चालु गरेको र स्वास्थ्य मन्त्रालयले २०७८।१।२४ मा ठेक्काको सहमति दिएको अवस्था देखियो । निर्माण व्यवसायीलाई काम हुने सुनिश्चितता वेगर मोविलाइजेशन पेश्की उपलब्ध गराएकोले यो खरिद कार्यमा संलग्नलाई जिम्मेवार बनाई पेश्की रकम व्याज सहित असुल हुनुपर्दछ रु.10941517/-<br><br>**निर्माण स्थल र ठेक्का व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आह्वान गर्नु नहुने व्यवस्था छ । कमल गाउँपालिकामा १५ सैंयाको आधारभुत अस्पताल निर्माण कार्य गर्न नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट २०७७।७।२६ को पत्रानुसार पालिकालाई योजना स्वीकृती समेतको जानकारी प्राप्त भएको छ । पालिकाले अस्पताल निर्माण गरिने स्थान साविकमा स्वास्थ्य चौकी रहेको स्थानमा नगराई पालिका रहेको स्थानमा गर्ने २०७७।८।१४ मा वोर्ड वैठकबाट निर्णय गरी २०७७।८।१५ मा शिलान्यास गरेको पाइयो । यो वर्ष उक्त अस्पताल निर्माण कार्य गर्न २०७७।९।२ मा RFP बाट परामर्शदाता छनौट गरी २०७७।११।१० मा अस्पतालको फाइनल डि.पि.आर. तयार गर्ने कार्यमा रु.१084235/- समेत भुक्तानी गरेको छ । परामर्शदताले अस्पतालको लागत अनुमान रु.219156217/- हुने गरी डि.पि.आर.मा उल्लेख गरेकोमा पालिकाले रु.159626714/- ल.ई. अध्यक्षबाट स्वीकृत गरी ठेक्का आह्वान गरेको र रु.123935511.61 मा खरिद सम्झौता गरी २०७८।१।२४ मा २४ महिना भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायीलाई रु.10941517/- मोविलाइजेशन पेश्की दिएको पाइयो । | १०,९४१,५१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४.२ | | | **स्रोत सुनिस्चिता बेगर को लगानी स्थितीः** सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ६(५) मा एक वर्ष भन्दा बढी सम्म संचालन हुने योजनामा खरिद कार्य गर्दा आबश्यक पर्ने बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारवाही सुरु गर्नुपर्ने व्यवस्था छ । खोलामा निर्माण गरिने पुल निर्माण कार्य स्वीकृत डिजाइनको आधारमा फाउण्डेसन देखिको स्टाण्डर्ड स्पेसीफिकेसन अनुसार कामको गुणस्तर नियन्त्रण समेत गर्नु पर्ने व्यबस्था छ । कार्यलयले ढ्याङ्ग्रि खोला पुल ढकालगाउँमा आ.सि.सि पुल निर्माण गर्ने कार्यको जुन २०१९ मा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिदिन तयार गरी उक्त पुलको लागत रु. ५१०१८३७६/- हुने गरी डिजाइन समेत स्वीकृत गरेको छ । पुल निर्माणको लागि स्रोतको सुनिश्चिता बेगर २०७६/७७ मा उक्त खोलामा पुल निर्माण गर्ने कार्यको बिल अफ क्वान्टिटी र लागत अनुमान एकमुष्ट स्विकृती नगरि बित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकमबाट ८ वटा पाइल फाउण्डेसन मात्रको कार्य गर्न बोलपत्र आह्वान गरी रु.३४२१७१०/- लगानी गरेको छ। यो वर्ष योजनाको नाममा रु.40 लाख प्राप्त भएको उल्लेख गरी सोही स्थानमा थप ८ वटा पाइल फाउन्डेसनको कार्य गर्न रु.3543627/- को मात्र लागत अनुमान स्वीकृत गरी ठेक्कापट्टाबाट कार्य गराई रु.3530788/- भुक्तानी गरेको पाइयो ।<br>पूल निर्माण सम्बन्धी कार्य गराउदा फाउण्डेशन देखि स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार गुणस्तर कायम गराउदै कार्य गराउनुपर्नेमा पाइल फाउण्डेसनमा प्रयोग गरिएका डण्डीको परीक्षण नभएको, पाइल फाउण्डेशन कार्य फरक फरक नर्माण व्यसवासयीबाट गराउदै भुक्तानी गरेको पाइल फाउण्डेशनको इन्ट्रिग्रीटी लोडटेष्टको कार्य गराएको उल्लेख गरी निर्माण व्यवसायी अटलान्टिक विल्डर्सलाई रकम भुक्तानी गरेकोमा उक्त विल्डर्सले अल्ट्रा टेक विल्डर्सबाट टेष्टको कार्य गरेको प्रतिवेदनमा एबुट्मेन्ट फाउण्डेसन उल्लेख गरेको, कामको फोटोग्राफी समावेश नगरेको, सोही स्थानमा पालिका तर्फको बजेटबाट पुन रु.374800/- तटबन्द निर्माण कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको समेत देखियो । पुल निर्माण गर्ने श्रोत सुनिश्चित नभै जमिनमूनीबाट संरचना तयार गर्नुपर्ने कार्यमा फरक फरक निर्माण व्यवसायीबाट कार्य गरादै खर्च गर्नाले पुलको बाँकी काम गर्नुपर्ने अवस्थामा उक्त संरचनाहरुको गुणस्तरको जिम्मेवारी समेत अनिश्चित देखियो । सार्वजनिक खरिद नियमावलीको व्यवस्था विपरित पूल निर्माण कार्यमा लापरवाही ढंगबाट ठेक्कापट्टा गराई भुक्तानी गर्ने कार्यमा संलग्नलाई जिम्मेवार बनाइनुपर्दछ । पूल निर्माण हुने श्रोत सुनिश्चितता वेगर गरिएको अनियमित खर्च रु.7327298/- | ७,३२७,२९८ |
| ७५ | | | **योजना छनौट र खरिद** | |
| ७५.१ | | | **ठेक्कामा आइटमको छुट्टै खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान नगरको परिस्थिति सृजना भएमा ऐनको दफा ५४ मा तोकिएका अधिकारीले भेरिएसन जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले महेन्द्ररत्न मा.वि. भवन निर्माण कार्यको ठेक्का आइटममा १५९ थान डेक्सवेन्च समित समावेश गरी सम्झौता गरेको र दोश्रो रनिङ विल सम्म प्रति सेट रु.5000/- का दरले रु.795000/- भुक्तानी गरेको छ । सोही विद्यालयमा यस वर्ष थप डेस्कवेन्च खरिदको लागि दरभाउपत्रबाट ७२ थान डेक्स वेन्चमा खरिदको कार्य प्रविण नर्माण सेवाबाट प्रति सेट रु.6893/- का दरबाट खरिद गरी भुक्तानी गर्नाले रु.136296/- थप व्ययभार परेको अनियमित खर्च रु.136296/- | १३६,२९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५.२ | | | **स्रोत सुनिश्चितताः** वित्तीय हस्तान्तरण मार्फत प्राप्त रकमबाट योजना संचालन गरी खर्च गर्दा छनौट भएको योजनाको लागि श्रोत सुनिश्चितता समेतको व्यवस्था हुनुपर्ने गरी तोकिएको छ । पालिकाले यो वर्ष संघीय सरकार विशेष अनुदानबाट प्राप्त रकम रु.1 करोडबाट कमलपोखरी विकास योजनाको कार्य गर्ने गरी ठेक्कापट्टाबाट कार्य गराई खर्च गरेको छ । सो योजनाको निर्माण गर्न पालिकाले तयार गरेको डि.पि.आर. अनुसार रु.501909405/- लागत रहेको र योजनामा गत विगत र यो वर्ष सम्म रु.1900000/- खर्च भईसकेको छ । योजनाको लागत अनुसारको बजेटको सुनिश्चितता वेगर कामको थालनी गरी खर्च गरेकोमा यो वर्ष समेत पहिलो पटक ठेक्कापट्टा आह्वान भई बचत रकमबाट पुन सोही योजनामा काम गर्ने कार्य परिमाण स्वीकृत गरी दोश्रो ठेक्का संचालन गरी खर्च गरेको छ । डिपिआर डिजायन अनुसार विभिन्न भवन, रेष्टुरेन्ट, सेमिनारहल, चिल्ड्रेन पार्क समेतको संरचनाको ड्रइङ डियाजन रहेकोमा यो वर्ष भवनमा फर्निचर, पोखरी निर्माण समेतका आइटमको कार्य गराई पहिलो ठेक्का संचालन गरेकोमा वचत रकमबाट पुन फेज-2 उल्लेख गरी छुट्टै प्याकेजको ठेक्का तयार गरी थप आइटमको कार्य गराई भुक्तानी गरेकोले एकै कार्य क्षेत्र भित्र २ निर्माण व्यवसायीबाट काम गराउदा पहिलो ठेक्काबाट निर्मित काम त्रुटि सच्याउने अवधि भित्रै रहेको अवस्थामा सोही कार्य क्षेत्र भित्र दोश्रो ठेक्का संचालन गर्नाले काममा दोहोरोपना र गुणस्तर नियन्त्रण समेत निश्चित गर्न सकिएन । श्रोत सुनिश्चित गरी काममा दोहोरोपना नहुने गरी मात्र कार्य संचालन हुनुपर्दछ ।<br>**कामको वीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु.10 लाख भन्दा बढीको निर्माण कामको वीमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यो निर्माण कार्यको दुवै ठेक्कामा निर्माण व्यवसायीबाट कार्य गराउदा वीमाको आइटम राखी सम्झौता गरेको भएतापनि वीमा नगराई कार्य गरेको छ । दोश्रो ठेक्कामा वीमा आइटम भेरिएसनबाट हटाएको पाइयो । नियमको व्यवस्था बमोजिम वीमा गराएरमात्र कार्य गराउनुपर्दछ । | |
| ७५.३ | | | **बहुवर्षीय योजनाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४(२) मा गाउँपालिकाले योजना बनाउदा नेपाल सरकार प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य र प्रकृयासँग अनुकुल हुने गरी योजना आर्क विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने हुनुपर्ने गरी तोकिदिएको छ । पालिकालाई प्राप्त संघीय शर्शत पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत प्राप्त रकम रु.1000000/- बाट पुष्पधिर घिमिरे स्मृती प्रतिष्ठानमा चिल्ड्रेन पार्क निर्माण कार्य गराई पुरै रकम खर्च गरेको पाइयो । उक्त प्रतिष्ठानको संचालन र स्वामीत्व गाउँपालिकालाई हस्तान्तरण नभएको र सार्वजनिक रुपमा प्रयोग गर्ने गरी व्यवस्था नै नगरी निश्चित संस्थाको जग्गामा शर्शत अनुदान तर्फको रकमबाट चिल्ड्रेन पार्क निर्माण गरी खर्च गर्नाले ऐनको व्यवस्थाको पालना भएको नदेखिएकोले अनियमित खर्च रु.1000000/- | १,०००,००० |
| ७६ | विभिन्न | | **शिक्षक दरवन्दी पदपूर्तिः**<br>गाउँपालिका अन्तर्गत कार्यरत विद्यालयमा कार्यरत शिक्षकहरुको तलब भत्ता तथा अन्य खर्च भुक्ताी गर्दा विद्यालयगत शिक्षक दरवन्दी, पदपूर्ति समेतको अभिलेख तयार गरी सोही अभिलेखको आधारमा तलबभत्ता लगायतको खर्च गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणको क्रममा शिक्षक दरवन्दी र पदपूर्ति सम्बन्धि विवरण माग गरिएकोमा उपलब्ध नभएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन । | |
| ७७ | विभिन्न | | **बढि भुक्तानीः** | ८८८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने सम्बन्धि व्यवस्था छ । पालिकाबाट पेश भएको लगतकट्टा विवरण र फर्वार्ड फिड(रिभर्स फिड पेश नभएको) लाई आधारमा मानी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले थप छानबीन गरी असुल गर्नुपर्ने देखिएको रु... | |

| **वार्ड नं** | **लाभग्राहीको नाम** | **ना.प्र.नं.** | **समूह** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | श्रीमति किस्कु सतार | ४३०४२१६८ | पूर्ण अपाङ्ग | १२००० | मृत्यु जनाई लक २०७७।७।२९ मा भएकोमा दोश्रो चौमासिकको भत्ता निकासा |
| १ | उदय नारायण ढकाल | 81437 | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।१४ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा |
| 1 | नारायणी देवी खड्का | ९७७३७९५७ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७८।२।१९ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा |
| २ | तिलमाया श्रेष्ठ | ९७७३१६१२९ | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७७।१०।६ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा |
| २ | अविर बहादुर मगर | 04।02।72।04442 | जे ना ७० माथि | १२००० | प्रथम चौमासिक दोहोरो |
| 2 | डम्बर कुमारी अधिकारी | ९७७३१५८९३ | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७७।५।२९ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा |
| 2 | भीम प्रसाद ढकाल | १८६९८३९५८० | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७७।१०।७ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा |
| 2 | मोति बहादुर श्रेष्ठ | ९३१२५५३५९१० | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७८।२।२५ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 2 | विष्णुमाया बस्नेत | ११५९ | जे ना एकल महिला | ६००० | मृत्यु जनाई लक २०७७।८।२६ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 2 | लिलामाया खत्री | ९०८३६१४ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२९ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 2 | नर बहादुर दर्जी | 977397996 | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२७ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 2 | ताराविर थापा | १८५९ | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७७।६।९ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 3 | छवीलाल श्रेष्ठ | 97739701 | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७८।२।१४ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 3 | नरवदा सिवाकोटी | २३१११८१०२ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।१०।२६ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 3 | गंगामाया अधिकारी | 977317109 | जे ना ७० माथि | ९००० | मृत्यु जनाई लक २०७७।५।५ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 3 | पुष्पलाल घिमिरे | ५७७६३३२ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।१०।२० मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | ३ | फुरीमाया लिम्बु | ५१३।९५९ | जे ना ७० माथि | १८००० | मृत्यु जनाई लक २०७७।९।१९ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | ४ | बसन्तीमाया मगर्नी | १४०२२७० | जे ना ७० माथि | १२००० | तेश्रो चौमासिकमा दोहोरो खाता नं. ०६४२२९००७१८५१२००००01 मा | |
| | | | 4 | महरु नेम्वाङ | १५२२३९ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२४ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | निकासा | |
| | | | 4 | मनमाया योङहाङ | ४०२७५००३३६ | जे ना ७० माथि | २४००० | मृत्यु जनाई लक २०७७।७।२९ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | ४ | बाटुली आचार्य | ७००८ | जे ना ७० माथि | २४००० | मृत्यु जनाई लक २०७७।८।१२ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 4 | राधिका देवी विश्वकर्मा | ९७७३१८९१ | जे ना दलित | २००० | मृत्यु जनाई लक २०७७।६।२४ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 4 | हरिमाया रानामगर | ९७७३१७७४ | जे ना ७० माथि | २४००० | मृत्यु जनाई लक २०७७।७।२० मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 4 | चक्र बहादुर मगर | ९७७३८३६५ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२१ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 4 | टिकामाया गुरुङ | ९७७३७९८ | जे ना एकल महिला | २०००० | मृत्यु जनाई लक २०७७।११।२८ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा र भागिमाया लिम्बुको समेत खाता नं 06422900715395000001 मा रु.१२०००/-सहित दाखिला | |
| | | | 4 | कृष्ण कुमारी पराजुली | ९७७३११८०२ | विधवा | १२००० | तेश्रो चौमासिकको सनमाया विश्वकर्माको भत्ता रकम रु.१२०००/- कृष्ण कुमारी पराजुलीको खाता नं 6422900625327000000 मा दाखिला | |
| | | | 5 | डिल्लीराम सिवाकोटी | ०४१०४३।९७ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७८।३।१ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 5 | दिलमाया विश्वकर्मा | ०४३०४३।५१५ | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७७।९।२० मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | ५ | मनरथी आङदम्बे | ६०१ | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७७।१०।१३ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | निकासा | |
| | | | 5 | भागिरथा खतिवडा | ९७७३८३७९ | जे ना ७० माथि । जे ना एकल महिला | २४००० | मृत्यु जनाई लक २०७७।१२।१० मा भएकोमा जे ना एकल महिला समूहको ३ वटै चौमासिकको दोहोरो भत्ता निकासा | |
| | | | ५ | मातृका देवी भट्टराई | ९७७३१०७ | जे ना ७० माथि | १५००० | मृत्यु जनाई लक २०७७।६।२६ मा भएकोमा प्रथम र दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 5 | मनमाया मुखिया | ८५२४१२८८ | जे ना एकल महिला | ४००० | मृत्यु जनाई लक २०७८।२।४ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 5 | कमली मुर्मु सतार | ४३०४३५४९ | जे ना ७० माथि | १२००० | मृत्यु जनाई लक २०७७।८।८ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 5 | लाल बहादुर राई | ८०६ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२७ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 6 | ईन्द्रमाया बारकोटी | १२७।१६०२ | जे ना ७० माथि | १२००० | मृत्यु जनाई लक २०७७।४।३ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 6 | मेनुका देवी दाहाल | २३१११६८७० | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।७।१ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 6 | कुमारध्वज लिम्बु | २७७३८२७० | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२६ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 6 | शान्ता देवी प्रसाई | ३४११२९२ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२३ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 6 | फुल कुमारी | २३१११८१३६ | जे ना एकल | ६००० | मृत्यु जनाई लक २०७८।२।८ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चौधरी | | महिला | | निकासा | |
| | | | ७ | रघुवीर धिमाल | 761806819 | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७७।१०।६ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | महानन्द पाण्डे | २३११२२८६० | जे ना ७० माथि | ९००० | मृत्यु जनाई लक २०७७।४।२३ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | शिवमाया घिमिरे | २३११२२८१८ | जे ना ७० माथि | १८००० | मृत्यु जनाई लक २०७७।९।२८ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | कृष्ण प्रसाद भट्टराई | ७५०९१८२६ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७७।६।२८ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | झन कुमारी सेढाई। धन कुमारी सेढाई | ११०६६२३३५ | जे ना ७० माथि | १२००० | मृत्यु जनाई लक २०७७।४।१४ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | रामलाल ताजपुरिया | २३११२३१३८ | जे ना ७० माथि | १२००० | मृत्यु जनाई लक २०७७।४।१९ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | अमृत बहादुर कट्टवाल | 7611129 | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७८।२।२८ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | गोमा देवी बिक | ६१२८ | जे ना दलित | २००० | मृत्यु जनाई लक २०७७।६।२५ मा भएकोमा प्रथम चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | देउमाया कार्की | २३१११८२२७ | जे ना ७० माथि | ३००० | मृत्यु जनाई लक २०७८।२।२६ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | सुन्दरलाल | ४३०४२५५३ | जे ना ७० माथि | २४००० | मृत्यु जनाई लक २०७७।७।१६ मा भएकोमा दोश्रो र तेश्रो चौमासिकको पुरै | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ऋषिदेव | | | | भत्ता निकासा | |
| | | | 7 | झामु ताजपुरिया | ३४१५०२२ | जे ना ७० माथि | ६००० | मृत्यु जनाई लक २०७८।१।२९ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | सिता चम्लागाई | ४२०४३२७१९ | विधवा | ८००० | विधवाले विवाह जनाई लक २०७७।११।२७ मा भएकोमा तेश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | 7 | भीम बहादुर धिमाल | २३११२४७७८ | जे ना ७० माथि | ९००० | मृत्यु जनाई लक २०७७।८।१९ मा भएकोमा दोश्रो चौमासिकको पुरै भत्ता निकासा | |
| | | | **जम्मा** | | | | **४४४०००** | | |
| ७८ | विभिन्न | | **हिसाब फरफारक**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ । | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td>विभिन्न</td><td></td><td>
अभिलेख व्यवस्थापनः<br>
एम.आई.एस. विवरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आईए स लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । नगरपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।<br>
प्रतिवेदनः सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।<br>
लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको लगत कट्टाको तपसिलको विवरण कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरि लगत कट्टा हुनुपर्ने सबै लाभग्राहीको भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । लगत कट्टा समयमै अद्यावधिका गरि मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।
<table>
<tr><th>वडा नं</th><th>लगत कट्टा संख्या</th><th>वडा नं</th><th>लगत कट्टा संख्या</th></tr>
<tr><td>१</td><td>25</td><td>2</td><td>39</td></tr>
<tr><td>3</td><td>36</td><td>4</td><td>49</td></tr>
<tr><td>5</td><td>38</td><td>6</td><td>38</td></tr>
<tr><td>7</td><td>49</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८०</td><td>विभिन्न</td><td></td><td>निकासा फिर्ताः<br>संघिय सरकारबाट प्राप्त रकम सम्बन्धित आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा संघीय सञ्चित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम बापतको रकम बैंक मार्फत भुक्तानी गरी निकासा फिर्ता गर्न बाँकी(आ.ले.प.बाट औंल्याईएको ) रु.१६११४०८.६१ भौ.नं.०७८४८९८३-२०७८।५।२९ बाट बेरुजु खाता दाखिला गरेको भौचर पेश भएको छ । साथै पालिकाबाट पेश गरिएको बैंक स्टेटमेण्ट अनुसार निकासा दिएको रकम मध्ये थप रु.६६२१५/- फिर्ता गर्न बाँकी देखिएकोले सो सम्बन्धमा एकिन गरी संघिय संचितकोष फिर्ता गर्नुपर्ने देखिएको रु...</td><td>६६,२१५</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले डोर समक्ष गत विगतको म्याद ननाघेको पेश्की रकम(सैद्दान्तिक दफा) वेरुजु फर्स्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फर्स्यौट मनासिव देखिएकोले सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th rowspan="2">सम्परीक्षण रकम</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>१</td><td>२०७६।७७</td><td>६१</td><td>निर्माण व्यवसायी खरीढुंगा-सफल जे.भी. मोविलाइजेशन पेश्की</td><td></td><td></td><td></td><td>रनिङ विल भुक्तानी गर्दा कट्टी गरिएको</td><td>१४४९८०००</td></tr>
<tr><td>२</td><td>२०७६।७७</td><td>६१</td><td>निर्माण व्यवसायी सगरमाथा ड्रिलिङ कम्पनीलाई मोविलाइजेशन पेश्की</td><td></td><td></td><td></td><td>रनिङ विल भुक्तानी गर्दा कट्टी गरिएको</td><td>३७९८६८७</td></tr>
<tr><td colspan="8">जम्मा</td><td>१८२९६६८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br>रु. हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>२७५६९</td><td>०</td><td>८४७३८</td><td></td><td>११२३०७</td></tr>
</table></td><td></td></tr>
</table>